
जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १४६ • २०८१ साल कार्तिक २ गते शुक्रबार (18 October, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## गौशाला धर्मशालामा मन्त्रीको हस्तक्षेप, कोषलाई फिर्ता हुन निर्देशन



**टुडे समाचारदाता**

काठमाण्डु । मारवाडी सेवा समितिद्वारा सञ्चालित पशुपति गौशाला धर्मशालाबाट पशुपति विकास कोष फिर्ता हुने भएको छ।

कोषले धर्मशालाको सञ्चालन काठमाण्डु महानगरपालिकालाई करारमा दिँदै मारवाडी सेवा समितिलाई खाली गर्न भनेको थियो।

त्यसपछि उत्पन्न तनावको कारण गौशाला धर्मशाला केही समयदेखि बन्द रहेको छ । महानगरपालिकाका प्रहरीले धर्मशालामा प्रवेश गर्न गरेको प्रयासलाई नेपाल प्रहरीले असफल बनाएको छ।

मारवाडी सेवा समितिको पक्षमा तराई मधेशका जिल्लाहरुमा जनमत तयार हुन थालेपछि सरकारले कोषलाई पछि हट्न भनेको छ।

पशुपति विकास कोष समितिका अध्यक्ष समेत रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले पशुपति गौशाला धर्मशालाको काम रोक्न पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिएका छन्।

मन्त्री पाण्डेले 'शान्ति सुरक्षामा समस्या उत्पन्न भएको' भन्दै कोषलाई गरेको पत्राचारमा पशुपति गौशाला धर्मशाला खाली गराउने काम रोक्न निर्देशन दिएका हुन्।

काठमाण्डु महानगरपालिकाले गौशाला धर्मशालाको मुख्यद्वारमा बोर्ड लगाएको छ। नेपाल प्रहरीको अबरोधको कारण भित्र प्रवेश गर्न महानगर प्रहरी सफल हुन सकेको छैन।

धर्मशाला सञ्चालनको विषयमा न्यायालयमा जाने समायावधी र अधिकार सुरक्षित रहेको बेला कोषका केहि पदाधिकारीले पूर्वाग्रही भएर खाली गराउन खोजेको मारवाडी समुदायको आरोप छ।

कोषको निर्णयअनुसार धर्मशालाको व्यवस्थापन जिम्मेवारी काठमाण्डु महानगरपालिकालाई दिने ७ बुँदे समझदारी भएपनि मारवाडी सेवा समितिले विरोधगर्दै आएको हो। विवाद बढ्दै गएपछि मन्त्रीले हस्तक्षेप गर्दै धर्मशाला खाली गराउने काम रोक्न निर्देशन दिएका हुन्।

काठमाण्डु जिल्ला अदालतले मारवाडी सेवा समितिको दावी नपुग्ने भन्दा मुद्दा खारेज गरेपछि पशुपति विकास कोषले हतारमा नै महानगरपालिकासित करारगरि धर्मशाला सञ्चालनको जिम्मेवारी दिएको थियो।

तराई मधेशका बिपन्न र मध्यमवर्गीय बासिन्दाको आश्रय थलो रहँदै आएको गौशाला धर्मशालालाई काठमाण्डु महानगरका मेयर बालेन साहलाई अगाडि सारेर कोषले पूर्वाग्रही काम गरेको आरोप लागेको छ।

मन्त्री पाण्डेले विवादित विषयमा छलफलका लागि आइतबार कोषका पदाधिकारीलाई मन्त्रालयमा बोलाएका छन्।

तर कोषका पदाधिकारीहरुले राजनीतिक रुपमा दबाब बनाएर मारवाडी सेवा समितिले अनुचित ढंगबाट पशुपति गौशाला धर्मशाला कब्जा गर्न लागेको आरोप लगाएका छन्।

### स्रोत बिनाको ८ लाखसहित साह पक्राउ

## नेपाली र भारतीय मुद्राको तस्करी निरन्तर

**टुडे समाचारदाता**

जलेश्वर । दशैंपछि कार्यालय खुलेकै दिन जिल्ला प्रहरी कार्यालय महोत्तरीले स्रोत नखुलेको ८ लाखसहित एकजनालाई पक्राउ गरेको छ।

बडा दशैंको बेला सीमावर्ती भारतीय बजारमा नेपालीहरुले भारी मात्रामा लत्ताकपडा, खाद्य सामग्रीहरु नेपाली मुद्रामा खरिद गरेका छन् । भारतीय बजारमा कारोबार भएको नेपाली मुद्रा पूनः नेपाल ल्याउने क्रम पनि सुरु भइसकेको छ।

प्रहरीले महोत्तरीमा स्रोत नखुलेको ८ लाख ५ हजार ५ सय रुपैयाँसहित पक्राउ गरेको अभियुक्त भारतीय बजारबाट नै ल्याउँदै गरेको बताइएको छ। उनले लुकाई छिपाई राखेको १ हजार दरको ८ सय १ थान र ५ सय दरको ९ थान गरी जम्मा नेपाली ८ लाख ५ हजार ५ सय रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ। पक्राउ पर्नेमा सम्सी गाउँपालिका वडा नम्बर ७ का २८ वर्षीय रामस्नेही साह रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाए अनुसार बुधबार दिउँसो जलेश्वर-सम्सी सडकखण्डको भोल्ही चोकबाट साहलाई पक्राउ गरिएको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता समेत रहेका डिएसपी सन्तुलाल जयसवारले जनाए अनुसार बीआर ३० एएफ ३८७६ नम्बरको भारतीय मोटरसाइकलमा सवार साहलाई शंकाका आधारमा चेकजाँच गर्दा स्रोत नखुलेको नगद बरामद भएको हो।

पक्राउ परेका साह र मोटरसाइकललाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।



दशैंको क्रममा भारतीय बजारमा कारोबार भएको नेपाली मुद्रा नेपालमा फर्काउने क्रम बढेको छ। भारतबाट नेपाली मुद्रा र नेपालबाट भारतीय मुद्राको तस्करी निरन्तर रुपमा हुँदै आएको छ । कहिले काहीँ स्रोत नखुलेको रकमको रुपमा प्रहरीले नेपालमा बरामद गर्ने नेपाली मुद्रा भारतीय बजारबाट तस्करी भएर आउने गरेको छ।

भारतीय मुद्राको नेपाली बजारमा मुल्य बृद्धि भएको छ ।हाल प्रति सयकडा भारतीय रुपैयाको खरिद १ सय ६३ मा भइरहेको छ ।भारतीय बजारमा नेपाली मुद्राको मुल्य सयकडा भारतीय मुद्रा ६० रुपैयामा कारोबार भइरहेको छ।

तस्करहरुले नेपालबाट भारतीय मुद्रा लगेर भारतबाट नेपाली मुद्रा ल्याउने गरेका छन् ।मुद्राको तस्करहरु पक्राउ परेपनि भारतीय बजारमा नेपाली मुद्रामा कारोबार निर्वाध रुपमा हुने गरेको छ ।सीमावर्ती क्षेत्रमा चल्ने नेपाली रुपैया तस्करी भएर पुनःनेपालमा आउने गरेको छ।


नेपालबाट भारतमा जाने नेपाली मुद्रा अबैध हुने गरेपनि व्यवसायिक कारोबारमा कुनै असर भने पर्दैन् ।तर नेपालमा त्यो रुपैया तस्करी भएर फर्किदा स्रोतको अभावमा गैरकानुनी हुने गरेको छ।

मुद्रा सक्कली रहेपनि स्रोत खुलाउन नसकिने भएकाले प्रहरीले बरामद गर्दै आएको छ ।तर मुद्रा ओसार पसार गर्नेलाइ भरिया कायमगर्दै प्रहरीले मुद्दा कमजोर बनाउने गरेको छ। नियमित रुपमा मुद्रा तस्करी हुने गरेपनि तस्करीका मुख्य नाइके सम्म प्रहरी हाल सम्म पुग्न सकेको छैन्।

प्रहरीले कायम गर्ने भरिया धरौटीमा रिहा हुने गरेको छ ।भारतबाट हाल सुन तस्करी भएर नेपाल आउने गरेको छ।त्यसलेपनि भारतीय मुद्राको मुल्य बढाएको छ।भारतीय सुन लगायत लत्तकपडा, किराना समानको भुक्तानी हुनुपर्ने भारतीय मुद्रा खुला बजारमा उपलब्ध नरहेकोले भारतीय मुद्राको मुल्य बढेको व्यवसायीहरु बताउँछन् ।उनीहरुले भारतीय मुद्राको मुल्य अझै बढने दावी गरेका छन् ।तर सरकारी स्तरमा भारतीय मुद्राको सयकडा नेपाली १ सय ६० रुपैया नै कायम छ।







# वीरगञ्जबाट मोटरसाइकल आयात ७६ प्रतिशतले बढ्यो




वीरगञ्ज । वीरगञ्ज भन्सारबाट चालु आर्थिक वर्षको भदौ मसान्तसम्ममा ७६ दशमलब ८६ प्रतिशतले मोटरसाइकलको आयात बढेको छ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार आव २०८०/ ८१ को भदौ महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा सात हजार एक सय २० वटा मोटरसाइकल आयात भएका हुन्। चालु आर्थिक वर्षको भदौं मसान्तसम्मको अवधिमा वीरगञ्ज नाकाबाट चारपाङ्गे सवारीसाधनको आयातमा कमी आएको भए पनि दुई पाङ्ग्रे सवारीसाधनको आयात बढेको प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले बताउनुभयो।

चालु आवको भदौ मसान्तसम्ममा रु दुई अर्ब सात करोड ८४ लाख २२ हजार मूल्य पर्ने १६ हजार तीन सय ८४ वटा मोटरसाइकल आयात भएका छन् । गत आर्थिक वर्षको भदौं मसान्तसम्मको अवधिमा भने एक अर्ब १३ करोड ५४ लाख ६४ हजार मूल्य पर्ने नौ हजार दुई सय ६४ वटा मोटरसाइकल आयात भएका थिए।

आव २०८०/८१ को भदौ मसान्तसम्ममा २३ करोड ९० लाख चार हजार मूल्य पर्ने १२ लाख ६५ हजार छ सय २७ वटा मोटरसाइकल(मोपेडसहित) को पार्टपूर्जा आयात भएका थिए। चालु आर्थिक वर्षको सोही अवधिमा रु ३४ करोड १७ लाख २२ हजार मूल्य पर्ने १६ लाख ६१ हजार पाँच सय ३१ वटा मोटरसाइकल (मोपेडसहित)को पार्टपूर्जाहरु आयात भएको छ।रासस

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक अर्ब ७४ करोड




काठमाण्डु । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक अर्ब ७४ करोड ४७ लाख २७ हजार ६३४ दाखिला भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार कोषमा दाखिला भएको सो रकम हिजो असोज ३० गतेसम्मको हो।

कोषमा संस्थागत एवं व्यक्तिगत रूपमा पनि रकम दाखिला भएको छ। असोज ३० गते कोषमा विद्याधर मल्लिकसहित दश सङ्गठित संस्थाले रकम प्रदान गरेका छन् । साल्ट ट्रेडिङ कर्पोरेशनले रु ६१ लाख, गैरआवासीय नेपाली सङ्गठनले रु ५१ लाख तथा राष्ट्रिय समाचार समितिले रु तीन लाख २६ हजार ३८ राहत कोषमा दाखिला गरेका छन्। यसैगरी, कोषमा रकम जम्मा गर्ने अन्य संस्थामा नेपाल प्रहरी श्रीमती सङ्घ, नेपाल इन्सुरेन्स कम्पनी, विद्युत् उत्पादन कम्पनीलगायत छन् ।रासस

# मौलिक बिम्ब खोज्दै रुपान्तरणको अभियानमा नेपाली ललितकला




काठमाण्डु । कोभिड-१९ बाट आक्रान्त भएको नेपाली ललितकला पछिल्लो समयमा बिस्तारै माथि उठ्न थालेको छ। कोरोनाको असरलाई पन्छाएर नेपाली ललितकलाले देशविदेशमा आफ्नो प्रभाव देखाउन थालेको छ । विभिन्न देशका कलाकारको सहभागितामा कला कार्यशाला तथा प्रदर्शनीहरु नेपाल र बाह्य देशमा बढ्न थालेको छ।

ललितकला प्रज्ञा-प्रतिष्ठानले त्यसको नेतृत्वमा आफ्नो मौलिकता खोजिरहेको छ र रुपान्तरण अभियान अघि बढाइएको छ। ललितकलाले सामाजिक चेतनालाई गतिशील बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्छ। कला र साहित्य समाजको ऐना हो । कलाले प्रकृति, देश, भूगोल, जातजाति र समुदायका संस्कृति, संस्कार बिम्बात्मक रूपमा चित्रण गर्छ। विशेषगरी कलामा विभिन्न समुदाय, तिनका वेशभूषा, संस्कृति, भूगोल र प्रकृति आदिको कलात्मक बिम्ब भर्छ, जसले विश्वमा राष्ट्र र राष्ट्रियता चिनाउँछ, स्रोतका रूपमा अभिलेख बस्छ।

सोही भावलाई आत्मसात् गर्दै संस्थागत रुपमै सातै प्रदेशमा लुकेका नेपाली ललितकलालाई समेटेर इतिहासमै पहिलो पटक यसवर्ष सङ्घीय राज्यको अनुभूत हुनेगरी प्रादेशिक ललितकला प्रदर्शनी भयो। त्यही प्रदर्शनीबाट छानिएका मौलिक, कलात्कम र उत्कृष्ट कलाकृतिले राष्ट्रिय ललितकला प्रदर्शनीमा स्थान पायो।

यसअघिका ललितकला गतिविधि काठमाडौँ उपत्यकामा मात्रै सीमित हुने परम्परालाई तोड्दै कर्णाली र सुदूरपश्चिमको कुनादेखि पूर्व कोशीको विकट गाउँका सिर्जनाले काठमाडौँ उपत्यकामा प्रवेश पायो । नेपाली कलाको सातवटै प्रदेशमा एक/एकवटा कला हब बनाउने रणनीतिक योजना अघि सारिएको छ। बागमती प्रदेशको रामेछापस्थित सुनापाती गाउँपालिकालाई थाङ्का कला हर्बका रुपमा विकास गर्न थालिएको छ । लुम्बिनी प्रदेशको गढवा दाङलाई सेरामिक्स हब बनाउने कार्य प्रक्रिया अघि बढेको छ । अन्य प्रदेशमा समेत सम्भाव्यता खोजी भइरहेको छ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली भन्नुहुन्छ, “राष्ट्रिय सामाजिक रुपान्तरणको ध्येय जोडेर ललितकलाको प्रगतिकथपको मूल बाटो लोकल थ्रू सेन्टर टू ग्लोबल, अनि ग्लोबल थ्रू सेन्ट्रल टू लोकलको समायोजन मिलाउँदै स्थानीय, प्रदेश र केन्द्रीय पहिचान बढाएर कलालाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा पुहँच पुर्याउने रणनीतिक योजना अघि सारिएको छ।”

उहाँले नेपाली हावापानीको कलात्मक जिन्दगी प्रस्ट्याउने गरी विशेष अध्ययन अनुसन्धानको प्राथमिक आवश्यकता समेत रहेको औँल्याउनुभयो । ‘नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, अनुसन्धान सिर्जना र सम्मान’ भन्ने भावमा रहेर नै कलामा रुपान्तरण खोजिरहेको कुलपति हार्तम्छाली बताउनुहुन्छ।

यसपटक बृहत् उद्देश्यका लागि योजना अघि सारिएको छ । कलाले आर्थिक विकास र पर्यटनमा सहयोग पुर्याउन जरुरी छ । मौलिकताको जगेर्ना, अन्तर्राष्ट्रिय सम्बन्धको विकास, रोजगारी सिर्जना र अर्थतन्त्रमा टेवा पुर्याउन सकेन भने कला सिर्जनाको महत्व कमजोर हुन्छ । यही कुरालाई दृष्टिगत गरी कला र सिर्जनाका आयामलाई फराकिलो पार्दै रैथाने कला र संस्कृतिको खोजी गरिरहेको बताउनुहुन्छ, प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केली।

नेपाली चित्रकला मूर्तिकला (आधुनिक), अन्य सिर्जनात्मक (बहुआयामित) कला, रैथानै मौलिक शिल्प ज्ञानको प्रवर्द्धनात्मक कार्यका लागि खोजअनुसन्धान, अभिलेखीकरण र प्रकाशन कार्यलाई बढावा दिइको बताउँदै थुम्केली भन्नुहुन्छ, “यसपालि मौलिक बिम्ब खोज्दै नेपाली ललितकलालाई पुनर्जागृत गर्ने कार्यको थालनी गरिएको छ।”

**यस्ता छन् नीति तथा कार्ययोजना**

प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले गएको वर्षदेखि ललितकलाको क्षेत्रमा बहुआयामिक काम भएको बताउनुभयो । कला गतिविधि देशभर बढ्दो क्रममा रहेको र कला सम्मेलन नै गरेर समस्या पहिचान गरी समाधानको प्रयास गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार आगामी दिनमा पनि त्यसले निरन्तरता पाएको र थप कार्यक्रमहरु आएको छ। यस वर्ष प्रादेशिक प्रदर्शनी र राष्ट्रिय प्रदर्शनीलाई विस्तृत र व्यवस्थित गर्ने, पुस्तकालय, ग्यालरी, सङ्ग्रहालयको विकास गर्ने, नीतिगत समस्या सुधार, सामाजिक रुपान्तरण, सचेतना र जागरणका काम अघि बढाउने योजना अघि सारिएको छ।

यस्तै, कला सर्वेक्षण, खोजअनुसन्धान, प्रशिक्षण कार्यशाला, आर्ट क्याम्प, सम्मेलन गरी कलालाई उद्यमशीलता एवं पर्यटन प्रवर्द्धनसँग जोड्ने, चित्रकला, मूर्तिकला वास्तुकलाको ऐतिहासिक पक्षको खोज र अनुसन्धान गर्ने रहेको छ।

यस्तै, थारू वास्तुकला, भित्तेचित्र, किरात वास्तुकला तथा स्थान विशेषका कलाको खोजअनुसन्धान कार्यसमेत अघि बढाउनेगरी रणनीतिक योजना बनाइएको छ। हरेक प्रदेशमा कला हर्बको विकास गर्ने, गणतन्त्र, सहिद दिवस, संविधान दिवस, अरनिको दिवसका कला गतिविधि अघि बढाउन थालिएको छ। प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा मूर्तिकला विभाग प्रमुख दिनेश्वर महत्तो देशभरका ललितकलालाई उजागर गर्नेगरी कार्य अघि बढाइएको र सोही अनुसारका योजना अघि सारिएको बताउनुहुन्छ।

उहाँका अनुसार यसका लागि राज्यको सोच सकारात्मक हुनुपर्ने, कलाको विकासमा ध्यान जानुपर्ने उहाँले बताउनुभयो । अझै पनि कला सिर्जना राज्यको प्राथमिकतामा पर्न सकेको छैन । बजेट दिन हिच्किचाउने गरिएको छ। जुन मुलुक कलाले समृद्धि छ त्यो मुलुक हरेक हिसाबले समृद्ध हुन्न भन्ने कुरा बुझ्न जरुरी रहेको कलाकार बताउँछन् ।रासस

## बाढीपहिरो क्षतिः

# काभ्रेमा छजना बेपत्ता, ७८ को मृत्यु

काभ्रेपलाञ्चोक। गत असोज ११ र १२ गतेको अविरल वर्षासँगै आएको बाढीपहिरोमा परी यहाँ ७८ जनाको ज्यान गएको छभने छजना अझै बेपत्ता छन् । धेरै दिनसम्म खोजी गर्दा पनि फेला नपरेपछि खोजी स्थगित गरिएको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाएको छ।

बाढीपहिरोमा बेपत्ता हुनेमा तेमाल गाउँपालिका-२ का ३ र ६ वर्षीया दुई बालिका प्रिया तामाङ र अप्रिया तामाङ छन् । उनीहरु पहिरोले घर पुरिँदा बेपत्ता भएका हुन् । त्यस्तै, चौँरीदेउराली गाउँपालिका-६ का ४० वर्षीया शान्ता रिमाल बेपत्ता छिन् । एक हप्तासम्म खोजी गर्दा उनी फेला नपरेको प्रहरीले जनाएको छ।

धुलिखेल नगरपालिका-८ निवासी ४२ वर्षीया गीता श्रेष्ठ पनि अझै बेपत्ता रहेको जनाइएको छ । बेथान्चोक गाउँपालिका-४ की ३८ वर्षीया ज्ञानु परियार र खानीखोला गाउँपालिका-६ की ३७ वर्षीया देवीमाया सिंतान अझै बेपत्ता छन्। बेपत्ताको खोजतलास गरिए पनि फेला पर्न नसकेको जिल्ला प्रहरी प्रमुख वसुन्धरा खड्काले बताउनुभयो । उहाँका अनुसार बाढीपहिरोमा परी ७५ जना घाइते भएका थिए।

बाढीपहिरोमा मृत्यु हुनेमा सबैभन्दा बढी पनौती नगरपालिकाका १८ जना छन् । रोशी गाउँपालिकाका १३, तेमालका १२, बेथान्चोकका १२, मण्डनदेउपुर र नमोबुद्ध नगरका सात/सात तथा बनेपा र भुम्लुका तीन/तीनजनाले ज्यान गुमाए । धुलिखेल नपाका दुई र चौँरीदेउरालीका एकजनाले बाढीपहिरोमा ज्यान गुमाए । काभ्रेपलाञ्चोकको १३ स्थानीय तहमध्ये पाँचखाल, खानीखोला र महाभारतमा भने मानवीय क्षति हुन पाएन।

काभ्रेपलाञ्चोकमा बाढीपहिरोमा परी ३३ महिला, २९ पुरुष, नौ बालक र सात बालिकाको मृत्यु भएको छ। यसमध्ये २१ विद्यार्थी हुन् । सरकारद्वारा बाढीपहिरो र डुबानबाट अतिप्रभावित स्थानीय तह घोषित गरेकामध्ये ‘विपद् सङ्कटग्रस्त क्षेत्र’अन्तर्गत यहाँको रोशी, तेमाल, बेथानचोक, चौँरीदेउराली र महाभारत गाउँपालिका तथा पनौती, नमोबुद्ध, मण्डनदेउपुर नगरपालिका छन्।

सरकारले बाढीपहिरोमा मृतक परिवारलाई तत्काल उपलब्ध गराउने रु दुई लाख जिल्ला प्रशासन कार्यालयमार्फत प्रदान गरिसकिएको छ । प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालकाअनुसार मृतक परिवारलाई सरकारद्वारा उपलब्ध रकम दसैँअघि बुझाइएको हो । बेपत्ताको हकमा कुनै निर्णय भएको छैन ।रासस

# लुम्बिनीमा तीनमहिने धर्मदेशना वर्षाबास



लुम्बिनी । बुद्ध जन्मस्थल लुम्बिनीमा तीनमहिने वर्षाबास तथा धार्मक अनुष्ठानको विहिबार समापन भएको छ । राजकीय बुद्ध विहारमा आयोजित कार्यक्रममा विहारका संरक्षक भिक्षु सागर धम्मले धर्मदेशनासहित वर्षाबासको समापन गर्नुभयो।

बर्सातको तीन महिना प्रतिकूल मौसमका कारण धर्मयात्रा गर्न असहज हुने भएका कारण उपासक उपासिकासहित भिक्षुहरु सुरक्षित स्थानमा बसेर धार्मिक अनुष्ठानमा सरिक हुने प्रक्रियालाई वर्षाबास भनिन्छ । लुम्बिनीमा विगत ८ वर्षदेखि स्थानीय समुदायका तर्फबाट वर्षाबास तथा धार्मिक अनुष्ठान कार्यक्रमको संयोजक गठन गरी मनाउँदै आइएको छ।

बौद्ध महिला समितिको व्यवस्थापनमा भएको वर्षाबास अवधिभर दैनिक धर्मदेशना, पूजालगायत विभिन्न धार्मिक गतिविधिहरु सञ्चालन गरिएको थियो।

राजकीय बुद्ध विहारका संरक्षक भिक्षु धम्मले भगवान् बुद्धले सबै प्राणीजगत्को कल्याणका लागि प्रदान गरेको उपदेशलाई असार पूर्णिमादेखि आश्विन पूर्णिमाको ९० दिनसम्म बुद्धजन्मस्थल लुम्बिनीमा वर्षाबास तथा धार्मिक अनुष्ठान कार्यक्रमको माध्यमबाट उजागर गर्ने काम गरेको बताउनुभयो।

उहाँले आफूहरुले विगत ८ वर्षदेखि स्थानीयहरुलाई बुद्धको उपदेशसँग जोडेर वर्षाबास अवधिभर पञ्चशिल ग्रहण, बुद्धपूजा र धर्मदेशनामा सरिक गराएको बताउनुभयो। भिक्षु धम्मले लुम्बिनी धार्मिक पर्यटकीयस्थल भएकाले यहाँ धार्मिक अनुष्ठानका कार्यक्रमहरु बढाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा लुम्बिनी सांस्कृतिक नगरपालिकाका उपप्रमुख कल्पना हरिजन, लुम्बिनी बौद्ध विश्व विद्यालयका उपप्राध्यापक भिक्षु सिरी वजिर, लुम्बिनी होटल सङ्घ नेपालका वरिष्ठ उपाध्यक्ष लीलामणि शर्मा, संयोजक मिरा सापकोटा गौतम, सहसंयोजक सिर्जना पँगेनी लगायतले बोल्दै लुम्बिनीका स्थानीयलाई जोड्दै आध्यात्मिक केन्द्रका रुपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो।

असार पूर्णिमादेखि सुरु भएको आठौँ चरणको वर्षाबासको चिवरदान कार्यक्रम भने कात्तिक ४ गते हुनेछ। राजकीय बुद्ध विहारमा हालसम्म आठजना संयोजक भएर वर्षाबास तथा धार्मिक अनुष्ठान कार्यक्रम सम्पन्न गरिएको छ । विसं २०७४ मा टीका कटेल, विसं २०७५ मा विष्णुकुमारी बस्याल, विसं २०७६ मा राजकुमारी गुरुङ (गुरुआमा), विसं २०७७ मा मञ्जु ढकाल, विसं २०७८ मा राधिका न्यौपाने, विसं २०७९ मा माया भुसाल, विसं २०८० मा माया गुरुङ र विसं २०८१ मा मिरा सापकोटा गौतमले संयोजकको भूमिका निर्वाह गर्नुभएको छ।रासस

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई एजिलस डायग्नोष्टिक नेपालमा १५ प्रतिशत छुट

**टुडे समाचारदाता**

काठमाण्डु। ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकहरुलाई एजिलस डायग्नोष्टिक नेपालमा उपलब्ध प्याथोलोजि टेष्ट शुल्कमा १५ प्रतिशत छुट प्रदान गर्ने समझदारी सम्पन्न भएको छ।

उक्त समझदारीमा ग्लोबल आइएमई बैंकका प्रमुख बजार व्यबस्थापक दिलिप पोखरेल र एजिलस डायग्नोष्टिक नेपाल प्रा.लिका फाइनान्स प्रमुख दिपक खड्काले हस्ताक्षर गर्नुभएको छ।

समझदारी अनुसार बैंकका ग्राहकहरुले एजिलस डायग्नोष्टिक नेपालमा उपलब्ध ल्याबसम्बन्धी सेवा वापतको भुक्तानीको लागि बैंकको डेबिट तथा क्रेडिट कार्ड र मोबाईल बैंकिङ्ग एप्याप ग्लोबल स्मार्ट प्लस प्रयोग गर्दा १५ प्रतिशतसम्म छुट पाउनेछन्।

आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समयसान्दर्भिक योजनाहरु ल्याएर




ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ।ग्लोबल आइएमई बैंक युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो। साथै, ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा समेत ग्लोबल आइएमई बैंक सम्मानित भएको छ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्र रहेका छन।

ग्लोबल आइएमई बैंक, सबैका लागि बैंकिङ्ग सेवा प्रदान गर्ने बैंक हो जसले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना समस्त ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| बृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : धन वृद्धि सञ्चय। |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधाम उपमहानगरपालिकामा व्यवशायीहरुलेनै फुटपाथ प्रयोग गरेपछि पैदल यात्रु विच सडकबाट हिड्न बाध्य। तस्बिर : *संजय कुमार यादव*

# मैथिलीमा पहिलो गद्य ‘अर्चनाकृत रामायण’




ललितपुर । मैथिली भाषामा पहिलोपटक गद्यमा लिखित ‘अर्चनाकृत रामायण’ प्रकाशन भएको छ । पत्रकार तथा साहित्यकार अर्चना झाले मैथिलीमा रामायण लेख्नु सो भाषाको साहित्यका लागि ऐतिहासिक महत्वपूर्ण कदम हो । उहाँले ‘वाल्मीकि रामायण’ र तुलसीदासकृत ‘रामचरितमानस’ लाई आधार बनाएर आफ्नै मौलिक शैली र स्थानीय भाषामा रामायणको पुनःलेखन गर्नुभएको हो जसले धार्मिक साहित्यको अभावलाई पूरा गरेको छ।

महोत्तरी, सोनमा-८ मा पिता प्रेमनारायण र माता गीताको कोखबाट जन्मनुभएका झाले कोरोना महामारीका समयलाई सदुपयोग गर्दै चार वर्ष लगाएर सो ग्रन्थ लेख्नुभएको हो । जुन तीन सय पृष्ठमा चौंसठ्ठी हजार शब्दमा लेखिएको यस कृतिमा सीतारामको जीवन, कर्तव्य र काम सरल मैथिली भाषामा वर्णन गरिएको छ। यसले धर्मका साथै नैतिकता, आदर्श, प्रेम, जिम्मेवारी, आत्मशक्ति, चरित्र र आध्यात्मिक शिक्षा पनि दिने कोसिस गरेको छ । लेखिकाको लेखनशैली सजीव छ, जसले रामायण कथालाई सुन्दर ढङ्गले प्रस्तुत गर्छ । कथानुसार लोकभाका, गीत र मिथिला चित्रहरूको संयोजनले कृतिलाई अझ सुन्दर बनाएको छ।

आठ काण्ड रहेको कृतिमा सीताका बारेमा विशेष वर्णन छ। दुई प्राचीन कृतिलाई आधार बनाई लेखिए पनि यसमा केही नवीनता पनि पाइन्छ जसले मैथिली समाजको संस्कार, संस्कृति र जनजीवनलाई प्रतिविम्बन गर्छ । यसले गर्दा यो नेपाली र भारतीय मिथिला समाजको परिवेशमा अझ सान्दर्भिक भएको छ।

लेखिकाले भगवान् श्रीराम र माता सीतालाई केवल आदर्श राजारानी, पतिपत्नी, छोराबुहारी, वा योद्धा मात्र नभई भगवान् विष्णु र लक्ष्मीको अवतारका रूपमा चित्रण गर्नुभएको छ । सो अवतारले त्रेता युगमा मानिसहरूलाई मानव जीवनको कर्तव्य र जिम्मेवारीको महत्त्व सिकाउने उद्देश्य राख्छ। मानव भएर जन्म लिएका रामले कसरी आफ्नो दायित्व पूरा गर्छन् भन्ने कुरा रामायणको मूल शिक्षा हो । कृतिको मुख्य उद्देश्य मैथिली भाषामा सीतारामप्रति भक्तिभाव, सनातन धर्मको जागरण, नैतिक मूल्यहरूको प्रचार र समाजमा आदर्श जीवनशैलीको उदाहरण प्रस्तुत गर्नु हो।

कृतिमा बालकाण्डदेखि उत्तरकाण्डसम्मका सबै महत्त्वपूर्ण घटना र गीत समावेश छन् । हरेक काण्डमा पहिले सङ्क्षिप्तमा सारांश तथा त्यसपछि गीत र कथाको विस्तार छ । यसमा रामायणका मुख्य पात्र राम, सीता, लक्ष्मण, भरत, शत्रुघ्न, दशरथ, वशिष्ठ, कौशल्या, कैकेयी, सुमित्रा, हनुमान, सुग्रीव, विभीषण, रावण, इन्द्रजित आदि प्रमुख पात्रको व्यक्तित्व समेटिनाका साथै सीतारामको सम्पूर्ण जीवन, सङ्घर्ष, विजय र आदर्श नेतृत्वको विषय कलात्मक रूपमा प्रस्तुत गरिएको छ।

बालकाण्डमा रामको जन्म, बाल्यकाल, विश्वामित्रसँगको यात्रा, सीतासँग विवाहको कथा छ । अयोध्या काण्डमा रामको वनवास, कौशल्या, दशरथ र कैकेयीबीचको द्वन्द्व, जनताको प्रेम, दशरथको मृत्यु र भरतका कथाहरू समेटिएको छ । अरण्य काण्डमा रामको ऋषिहरूसँगको भेट, शूर्पणखाको आगमन, सीताको अग्नि प्रवेश र हरण तथा शबरीको मुक्ति समावेश गरिएको छ ।किष्किन्धा काण्डमा रामको हनुमानसँग भेट, सुग्रीवसँगको मित्रता, बालिको वध र सीताको खोजीको कथा छ । सुन्दर काण्डमा हनुमानको लङ्का यात्रा, विभीषणसँगको भेट, सीताको खोज, लङ्का दहन र विभीषण रामको शरणमा आएको वर्णन छ।

लङ्का काण्डमा सेतु निर्माण, लङ्कामाथि आक्रमण, लक्ष्मणको मुर्छा, रावणको वध, विभीषणको राज्याभिषेक, सीताको अग्नि परीक्षा र रामको अयोध्या फिर्तीको कथा छ । उत्तरकाण्डमा रामको राज्याभिषेक, सीताको वनवास, लवकुशको जन्म र अश्वमेध यज्ञको चर्चा गरिएको छ। अन्तिम उत्तर लवकुश काण्डमा लवकुशले रामलाई चुनौती दिएको, सीताले पृथ्वीमा शरण लिएको र रामले जल समाधि लिएको कथा समेटिएको छ । सीतामाताको रामायणमा भएको भूमिका छोटकरीमा उल्लेख गरिएको छ।

रामायणमा महिलाहरूको भूमिका विशेष र महत्त्वपूर्ण छ । यस कृतिमा पनि सीता, कैकेयी, मन्थरा, मन्दोदरी, त्रिजटा, कौशल्या, शबरी र अन्य महिला पात्रका चित्रणमा विशेष ध्यान दिइएको छ । लेखिकाले सीतालाई केवल एक पीडित पात्रका रूपमा मात्र नभई बलियो, स्वाभिमानी, पतिव्रता, धैर्यवान् र आत्मनिर्भर नारीका रूपमा चित्रण गर्नुभएको छ । उहाँले सीतालाई सशक्तीकरणको प्रतीकका रूपमा देखाउनुभएको छ, जहाँ उनी एक आदर्श रानी, बुहारी, पत्नी र आमा भएर चुनौतीहरू पार गर्दै आफ्नो कर्तव्य पूरा गर्ने एक साहसी महिलाका रूपमा प्रस्तुत भएकी छन्।

कृतिले मैथिली भाषामा नैतिक शिक्षा, हरेक प्राणीसँग प्रेम, मानवको चरित्र र धार्मिक मूल्यहरूलाई विशेष महत्त्व दिएको छ । रामायण केवल धार्मिक ग्रन्थ मात्र नभई एक प्रकारको नैतिक मार्गदर्शक र जीवनको पाठशाला पनि हो जसमा राम र सीताको चरित्रले प्रत्येक व्यक्तिलाई सत्यका मार्गमा हिँड्न प्रेरित गर्छ।

कृतिमा मानक मैथिली भाषिक प्रवाहको कमी छ । परम्परागत रामायणकै कथालाई पछ्याइएको हुँदा खासै नयाँपन पाइँदैन । महिलाहरूको सशक्त र नेतृत्वदायी भूमिकालाई अझ सशक्त रूपमा चित्रण गरिएको भए कृति अझ प्रभावकारी बन्न सक्थ्यो । अहिलेको डिजिटल युगमा रामायणलाई डिजिटल माध्यमबाट पनि प्रवर्द्धन गर्न सके अझ बढी पाठकमा पुर्‍याउन सकिन्छ। तैपनि मैथिली समाजमा यसले सांस्कृतिक र धार्मिक दृष्टिले ऐतिहासिक योगदान दिएको छ र मैथिली साहित्यमा एक नयाँ आयामको सुरुआत गरेको छ।

नयाँ पुस्तामा रामायणको महत्त्व बुझाउन यसले विशेष भूमिका खेल्ने छ। मैथिलीभाषी समाजका लागि यो उल्लेखनीय कृति हो जुन धार्मिक, सांस्कृतिक र साहित्यिक दृष्टिले पनि महत्त्वपूर्ण छ । मिथिला क्षेत्रको जीवनशैली र धार्मिक आस्थालाई उजागर गर्दै यस रामायणले मैथिली भाषाको समृद्धि र सांस्कृतिक धरोहरको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने छ । कृति नेपाल र भारतका मैथिली भाषी समाजका लागि मात्र नभई समग्र मैथिली साहित्यको ऐतिहासिक निधिका रूपमा रहने विश्वास गर्न सकिन्छ।रासस

# बुद्ध एयरको ‘माउन्टेन फ्लाईट’ मा प्राविधिक समस्या देखिएपछि सुरक्षित अवतरण

काठमाण्डु । बुद्ध एयरको पर्वतीय उडान (माउन्टेन फ्लाईट) मा गएको ‘नाईन एन एजेएस’ कलसाईन विमानमा प्राविधिक समस्या देखिएको छ। बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार विमानमा प्राविधिक समस्या देखिएपछि विमानलाई फर्काएर सुरक्षित अवतरण गरिएको छ।



अहिले उक्त विमानको प्राविधिक टोलीले जाँच गरिरहेको छ। “माउन्टेन फ्लाइटमा गएको विमानको दायाँ इन्जिनमा प्राविधिक समस्या देखिएपछि विमानलाई सुरक्षित अवतरण गरेर अहिले प्राविधिक मर्मत भइरहेको छ”, उहाँले भन्नुभयो, “आज मौसम बिग्रिएर हिमाल नदेखिएकाले कुनै पनि माउन्टेन फ्लाइट भएनन्।”

‘आज विहान माउन्टेन फ्लाईट, उडान नम्बर १०० विमानको ‘कल साईन नाइन एन एजेएस’ विमानको दायाँ इन्जिनमा इण्डिकेटर समस्या देखिएको हुँदा विमानलाई काठमाडौँ सुरक्षित अवतरण गराइएको छ, उक्त विमानलाई बुद्ध एयरका प्राविधिक टीमले चेकजाँच गरिरहेका छन्’ बुद्ध एयरद्धारा जारी सूचनामा भनिएकोछ ।बुद्ध एयरको विहिबारको माउन्टेन फ्लाइटका लागि पाँच उडान निर्धारण गरिएकामा सबै उडान रद्द भएका छन् । टिकट लिएका यात्रुलाई अर्को उडानमा हिमालसम्म लगिने कम्पनीले जनाएको छ । काठमाडौँबाट माउन्टेन फ्लाईटमा गएका विमान हिमाल नदेखिएपछि फर्किएका सूचनाअधिकारी कर्णले बताउनुभयो।

हिमाली भेगमा लागेको बाक्लो तुवालोका कारण विहिबार कुनैपनि माउन्टेन फ्लाइट नभएको कम्पनीले जनाएकोछ । हाल देशभर पश्चिमी वायुको आंशिक प्रभाव रहनुका साथै कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भू-भागमा स्थानीय वायुको पनि आंशिक प्रभाव रहेकोले देशका पहाडी भू-भागमा आंशिकदेखि साधारणताय बदली रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएकोछ ।

गण्डकी प्रदेशको थोरै स्थान तथा कोशी प्रदेश, बाग्मती प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले पूर्वानुमान गरेको छ ।रासस

# नेपाल वायुसेवा निगमद्वारा छ अर्ब ३२ करोड ऋण भुक्तानी



काठमाण्डु । नेपाल वायुसेवा निगमले हालसम्म विमानको छ अर्ब ३२ करोड ८५ लाख ९७ हजार पाँच सय ३३ ऋण भुक्तानी गरेको जनाएको छ।

निगमले अन्तर्राष्ट्रिय उडानका लागि खरिद गरेका दुई ‘न्यारोबडी’ र दुई ‘वाइडबडी’ विमानका लागि कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्वमध्येको उक्त ऋण भुक्तानी गरेको विज्ञप्ति जारी गरी जनाएको हो।

निगमले दुई न्यारोबडी जहाजको असोज महिनाको किस्ता पूरा र दुई वाइडबडी जहाजको आंशिक गरी गत असोज ३० गते मात्र रु ५३ करोड नौ लाख ५५ हजार दुई सय ८१ भुक्तानी गरेको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिनुभयो।

कोभिड-१९ का कारण निगमको व्यापारमा प्रतिकूल असर परेकाले सो अवधिको ब्याज, हर्जाना र पेनल छुट गरी सहयोग गरिदिन एवं किस्ताको संख्या वृद्धि गरी दायित्व भुक्तानीलाई सहजीकरण गरिदिनसमेत कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषलाई अनुरोध गरेको निगमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।रासस

# “वीरगञ्ज नाकाबाट हुने आयात लयमा फर्कियो, व्यापार र उद्योग अझै फर्किएन”

वीरगञ्ज । मधेस आन्दोलनको क्रममा भएको वीरगञ्ज भन्सार लक्षित धर्ना र भारतीय अघोषित नाकाबन्दीले वीरगञ्जका दुईवटा भन्सार नाकाबाट हुने आयातमा निकै ठूलो सङ्कुचन देखापर्‍यो । यहाँका दुई भन्सार नाकाबाट हुने आयात आव २०७२/७३ मा ३५ प्रतिशतको हाराहारीमा खुम्चिएको थियो।

भन्सार विभागको आव २०७२/७३ को तथ्याङ्कअनुसार कुल सात खर्ब ७४ अर्ब ७१ करोड मूल्य बराबरको वस्तु तथा सामान आयात भएर नेपाल भित्रिएको थियो । सो वर्ष असोजदेखि माघसम्म चलेको मधेस आन्दोलन र अघोषित नाकाबन्दीको कारणले कुल आयातमा वीरगञ्ज भन्सार कार्यालयको हिस्सा २३ दशमलव ५० र यहाँकै अर्को सुक्खा बन्दरगाह भन्सार कार्यालयको हिस्सा भने १२ दशमलव २३ प्रतिशत रह्यो।


आन्दोलनका कारणले नाका बन्द भएसँगै यहाँबाट हुने आयात मात्रै खुम्चिएन, यहाँबाट हुने आयात पनि भैरहवा भन्सार कार्यालयतर्फ सरेको थियो । सोही वर्ष भैरहवा भन्सार कार्यालयबाट कुल आयातको २४ दशमलव ०७ अर्थात रु एक खर्ब ८६ अर्ब ४८ करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो। संविधान जारी भएको नौ वर्षपछि भने वीरगञ्ज भन्सार कार्यालय हुँदै आउने कुल आयातको सामानमा भने फेरि पहिलाकै जस्तै गुल्जार देखिएको छ । अहिले वीरगञ्जका दुई ठूला भन्सार नाकाबाट कुल आयातको झन्डै ५० प्रतिशतको हाराहारीमा वस्तु तथा सामान आयात हुँदै आइरहेको छ।

मधेस आन्दोलन र नाकाबन्दीले आयातमा खुम्चिएको वीरगञ्ज भन्सार र सुक्खा बन्दरगाह भन्सारबाट आव २०८०/८१ मा आइपुग्दा कुल रु १५ खर्ब ९२ अर्ब आठ करोडको आयातमध्ये वीरगञ्ज भन्सारको योगदान ३४ दशमलव ३० प्रतिशत र सुक्खा बन्दरगाहको योगदान १२ दशमलव ७८ रहेको छ। कुल आयातमा भैरहवा भन्सार कार्यालयको योगदान भने १५ दशमलव २३ प्रतिशत रहेको छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले संविधान जारी भएसँगै भएको मधेस आन्दोलन र अघोषित नाकाबन्दीपछि आयात पुरानै लयमा फर्किए पनि उद्योग र व्यापार व्यवसायमा सुधार नआएको बताउनुभयो । “वीरगञ्जमा सुविधासम्पन्न सुक्खा बन्दरगाहा र एकीकृत जाँचचौकीलगायत पूर्वाधारका कारणले यहाँबाट हुने आयात पुरानै अवस्थामा फर्किसकेको छ,” उहाँले भन्नुभयो, “संविधान जारी भएसँगै भएको आन्दोलनको कारणले विस्थापित भएका उद्योगी, व्यवसायी र बजार भने अझै फर्किन सकेको छैन।”

वरिष्ठ उपाध्यक्ष गौतम मधेस आन्दोलनपछि वीरगञ्ज केन्द्रित रहेका उद्योगधन्दा विस्तारै बारा र हेटौँडातर्फ विस्तारै सर्ने क्रम बढेको पनि गुनासो व्यक्त गर्नुहुन्छ । “वीरगञ्ज भन्सार कार्यालयबाट हुने सवारीसाधनको आयात पनि भैरहवा भन्सार कार्यालयतर्फ सरेको देखिन्छ,” उहाँले भन्नुभयो, “राजनीतिक स्थायित्व र उद्योगमैत्री वातावरणले पनि ठूलो अर्थ राख्ने रहेछ।”

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुङ्गानाले कुल आयातमध्ये एक तिहाइभन्दा धेरै आयात वीरगञ्ज भन्सार कार्यालय हुने बताउनुहुन्छ। “कुल आयातमध्ये वीरगञ्जबाट हुने आयातको योगदान सन्तोषजनक नै देखिन्छ,”



उहाँले भन्नुभयो, “कुन वस्तु तथा सामान कहाँबाट आयात गर्ने भन्ने कुरा नितान्त व्यापारी तथा व्यवसायीमा निर्भर हुने गर्छ।” उहाँका अनुसार वीरगञ्ज भन्सार कार्यालय हुँदै मुख्यगरी पेट्रोलियम पदार्थ, औद्योगिक कच्चापदार्थ र सवारीसाधन आयात धेरै हुने गर्छ।

भन्सार विभागको तथ्याङ्कअनुसार आव २०७३/७४ सालदेखि नै वीरगञ्जका दुवै भन्सार कार्यालयबाट हुने आयातमा उल्लेखनीय सुधार भएको देखिन्छ। सो आवमा रु नौ खर्ब ८४ अर्ब ३० करोड आयातमध्ये वीरगञ्ज भन्सार कार्यालयको योगदान ३४ दशमलव १२ प्रतिशत रह्यो भने सुक्खा बन्दरगाह कार्यालयको भने ११ दशमलव ७६ प्रतिशत रह्यो। सोही आवमा भैरहवा भन्सारको भने १८ दशमलव ५५ प्रतिशत रह्यो।

यस्तै, आव २०७४/७५ मा पनि नेपालमा १२ खर्ब ४५ अर्ब १० करोड मूल्य पर्ने सामान आयात भएको देखिन्छ। यसमा वीरगञ्ज भन्सार र सुक्खा बन्दगाहको हिस्सा क्रमशः ३३ दशमलव ८९ र १० दशमलव ४९ प्रतिशत रह्यो। जसमा भैरहवा भन्सारको योगदान भने १७ दशमलव ९९ प्रतिशत थियो ।विभागका अनुसार आव २०७५/७६ मा रु १४ खर्ब १८ अर्ब ५३ मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकबाट भित्रियो। जसमा वीरगञ्ज भन्सारको योगदान ३४ दशमलव ७३ प्रतिशत, भैरहवा भन्सारको योगदान १६ दशमलव ९२ र सुक्खा बन्दरगाहको योगदान भने १० दशमलव ९२ प्रतिशत रह्यो।

विसं २०७६ चैतको पहिलो सातादेखि कोभिड- १९ को महामारी नियन्त्रण गर्न भन्दै गरिएको बन्दाबन्दीको कारणले पनि अघिल्लो वर्षको तुलनामा मुलुकभरिको समग्र आयातमा नै सङ्कुचन आयो। सो आवमा रु ११ खर्ब ९६ अर्ब ७९ करोड मूल्य बराबरका वस्तु तथा सामान नेपाल भित्रिएको थियो । कुल आयातमध्ये वीरगञ्ज भन्सार नाका हुँदै ३४ दशमलव ३७ प्रतिशत भयो। त्यस्तै, सुक्खा बन्दरगाह हुँदै भने १३ दशमलव ८४ प्रतिशत र भैरहवा हुँदै भने १६ दशमलव ६१ प्रतिशत आयात भएको देखिन्छ।


कोभिड-१९ को महामारीको कारणले सङ्कुचित आयात आव २०७७/७८ मा भने उल्लेखनीय सुधार हुँदै रु १५ खर्ब ३९ अर्ब ८३ करोड ७० लाख ६८ हजार बराबरको वस्तु तथा सामान आयात भयो। कुल आयातमध्ये वीरगञ्ज भन्सार नाका हुँदै एक तिहाइ अर्थात् ३३ दशमलव २३ प्रतिशत रह्यो। सुक्खा बन्दरगाह हुँदै भने कुल आयातको १२ दशमलव ३० प्रतिशत र भैरहवा भन्सार नाकाबाट कुल आयातको १८ दशमलव २९ प्रतिशत आयात भएको देखिन्छ।

कोभिड-१९ को असर र प्रभाव कम भएसँगै आव २०७८/७९ मा रु १९ खर्ब २० अर्ब ४४ करोड ८३ लाख ४९ हजार बराबरको आयात भयो। जसमा वीरगञ्ज भन्सार कार्यालय हुँदै ३६ दशमलव ७८ प्रतिशत अर्थात् रु सात खर्ब छ अर्ब ३८ करोड ७९ लाख ६७ हजार बराबरको आयात भयो। त्यस्तै, सुक्खा बन्दगाह हुँदै कुल आयातको ११ दशमलव ३५ प्रतिशत अर्थात् रु दुई खर्ब १७ अर्ब ९८ करोड ३४ लाख ३० हजारको आयात भयो । त्यस्तै, भैरहवा भन्सार कार्यालयबाट भने कुल आयातको १५ दशमलव ४० प्रतिशत अर्थात् रु दुई खर्ब ९५ अर्ब ६७ करोड १० लाख ५१ हजार बराबरको आयात भएको थियो।

विभागको तथ्याङ्कअनुसार आव २०७९/८० मा रु १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख ७० हजार कुल आयात भएको थियो । कुल आयातमध्ये वीरगञ्ज भन्सार हुँदै ३६ दशमलव ८२ प्रतिशत भयो। त्यस्तै, सुक्खा बन्दरगाह भन्सार कार्यालय हुँदै कुल आयातको १२ दशमलव ५५ प्रतिशत र भैरहवा भन्सारबाट भने कुल आयातको १५ दशमलव १९ प्रतिशत आयात भएको देखिन्छ।

नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका अध्यक्ष कुमार टेमानीले कोभिड-१९ महामारीपछि सरकारले अँगालेको नीतिको कारणले अर्थतन्त्रमा ठूलो खालको समस्या निम्तिएकाले पनि उद्योग र व्यापार क्षेत्रको गुल्जार अझै नफर्किएको बताउनुभयो। “कोभिड-१९ पछि राष्ट्र बैङ्कले अघि सारेका नीतिकै कारणले अर्थतन्त्रमा निकै ठूला खालका समस्या ल्याउने काम गर्‍यो”, उहाँले भन्नुभयो, “जुन नीतिको कारणले उद्योगधन्दा अझैसम्म लयमा फर्किन सकेको छैन।”

वीरगञ्ज वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष गौतम पनि कोभिड-१९ महामारी सकिएपछि पनि उद्योगधन्दा मुस्किलले ३० देखि ४० प्रतिशतको हाराहारीमा मात्रै चल्दै आएको गुनासो गर्नुहुन्छ। “कोभिड-१९ को महामारीपछि ठूला उद्योग ३० देखि ४० प्रतिशत मात्रै उत्पादन गर्दै आइरहेका छन्,” उहाँले भन्नुभयो, “उद्योग/कलकारखानालाई खर्च धान्न पनि समस्या हुँदै आइरहेको छ । कोभिड-१९ पछि बारा-पर्सामा नगण्य मात्रामा मात्रै उद्योगधन्दा थपिएका छन्।”रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# गौशालाको पूर्ववत नै सञ्चालन गर

देशको संघीय राजधानी काठमाण्डुमा मारवाडी सेवा समितिले सञ्चालन गर्दै आएको गौशाला धर्मशालालाई विवादमा ल्याउनु र त्यसको हक खोसिनु तत्कालको चर्चा बाहेक लाभकारी होइन । गौशाला धर्मशाला रहेको भूमि पशुपति विकास कोषको हो। त्यसको स्वामित्व मारवाडी सेवा समितिले लिन पाउँदैन । सामाजिक, धार्मिक कार्य हेतु मारवाडी सेवा समितिले प्रयोग गरिरहेको जग्गाबाट हुने आम्दानी सामाजिक र धार्मिक क्षेत्रमा नै लगाउनु पर्छ । समितिले कयौं परोपकारी कार्य गौशाला धर्मशालाबाट गर्दै आएको छ। त्यो सकारात्मक पक्ष हो। गौशाला धर्मशाला सञ्चालनको जिम्मेवारी काठमाण्डु महानगरपालिकालाई दिनु अनुपयुक्त होइन। तर काठमाण्डु महानगरपालिकाले व्यवस्थित गर्न र सञ्चालन गर्नुपर्ने थुप्रै कार्यहरु छन् । महानगरपालिका मातहतको थुप्रै जग्गा र भवनहरु अलपत्र छन् । त्यसको संरक्षण र सञ्चालन गर्न आवश्यक छ। महानगरपालिकाले त्यस तर्फ ध्यान दिनुपर्छ । पशुपति गौशाला धर्मशालाको संरक्षण र सञ्चालन मारवाडी सेवा समितिले नै गरे पनि कुनै अनर्थ हुने अवस्था छैन । नेपालको तराई मधेशबाट काठमाण्डु जाने सर्वसधारण, मध्यमवर्गीय मानिसहरु पशुपति गौशाला धर्मशालामा बास बस्ने गर्छन् । त्यहाँबाट पशुपतिनाथको मन्दिर र विमानस्थल नजिक हुनुका साथै हरेक स्थानका लागि सवारी साधन सहज रुपमा उपलब्ध हुन्छ । गौशाला धर्मशाला सञ्चालन गर्ने जिम्मेवारी मारवाडी सेवा समितिसित खोसेर काठमाण्डु महानगरपालिकालाई हस्तान्तरण गर्नु गौशाला धर्मशालामा बस्ने र खाने मानिसहरुको कारण पनि हो। पशुपति विकास कोषले मारवाडी सेवा समितिसित गरेको लिज करार एकतर्फी रुपमा भंग गर्नुको कारण त्यहाँ ठूलो संख्यामा बस्ने मानिसहरु पनि हो । कोषका पदाधिकारीहरुलाई त्यहाँ बसोबास गर्ने मानिसहरुको अनुहार मन परेन । वर्षा र बाढीबाट काठमाण्डुका बासिन्दाको जनधनको रक्षा गर्न पूर्ण रुपमा असफल रहेको काठमाण्डु महानगरपालिकाले पशुपति गौशालाको व्यवस्थित सञ्चालन पनि गर्न नसक्ने होइन । तर त्यस पछाडिको कारण गौशालाको उपभोग गर्ने अनुहारलाई बनाइएको छ । पशुपति विकास कोषसित पर्याप्त जग्गा छ । त्यसमा भवन बनाएर महानगरपालिकाले धर्मशाला सञ्चालन गर्न सक्छ। तर केही पदाधिकारीहरुले मन नपराएको अनुहारको कारण उत्पात मच्चाउनु राम्रो होइन् ।संघीय सरकारले यसमा तत्काल हस्तक्षेप गरी गौशाला धर्मशालाको सञ्चालनको पूर्ववत नै सञ्चालन गराउनु पर्छ । मारवाडी समुदायलये सञ्चालन गरेको र तराई मधेशका बासिन्दाहरुको आश्रयस्थल बनेको गौशाला धर्मशालाको सञ्चालन गर्ने जिम्मेवारी नै खोस्नु पूर्वाग्रह हो । यसमा सरकार गम्भीर हुनुपर्छ ।

# नेपालमा गरिबी र सार्वजनिक ऋणको अवस्था



डा. रामसागर पंडित

गरिब शब्दबाट गरिबी बनेको छ। गरिब भनेको धन केही नभएको, निर्धन; निर्धो, दरिद्र, कङ्गाल जस्ता शब्दलाई जनाउँद छ । गरिबी भनेको गरिब हुनुको अवस्था हो । गरिबी सम्बन्धमा विश्वका देशहरू दुई भागमा विभक्त छन् । पहिलो पंक्तिमा उभिएका देशहरू गरिबीलाई ईश्वरको देन मान्छन् । यिनीहरूका विचारमा पूर्वजन्मको पुण्य र पापमा आधारित छ। पूर्व जन्ममा गरेका पापको फल गरिबीलाई लिन्छन् । यिनीहरूको विचारमा समाजमा गरिब र धनी रहिरहन्छन् । यसलाई समान रूपमा कसैले पनि ल्याउन सक्दैन् । यसलाई मान्ने देशहरू विश्वका पूँजीवादी देशहरू रहेका छन् ।

यस्तै अर्को पक्षमा उभिएका देशहरू यस्ता पूर्वजन्मको पाप/धर्मलाई मान्न तयार छैनन् । यिनीहरूका विचारमा गरिबी पूँजीवादीहरूका शोषणबाट निर्मित समूह हो । गरिबले गरेका श्रमबाट कटौती गरेर बचाएको सम्पतिबाट पहिलो समूह पूँजीजम्मा गर्दै पूँजीपति बनेका छन् । अहिले मात्र होइन, शताब्दियौंसम्म यस्ता गरिब र पूँजीबादी बीचको लडाइ चलिरहेछ । यस्ता देशलाई हामी साम्यबादी देश भन्छौं । अहिले पनि विश्वमा देखिएका युद्धहरू यही साम्यवादी र पूँजीवादी बीचको युद्धको रूपमा लिन सकिन्छ ।

अब हामी सार्वजनिक ऋणतिर लागौं । ऋण दुई प्रकारका हुन्छन् । कुनै मानिसले व्यक्तिगत खर्चकालागि जो ऋण लिन्छ त्यसलाई व्यक्तिगत ऋण भनिन्छ भने राष्ट्रले आफ्नो खर्चकालागि लिने ऋण 'सार्वजनिक ऋण' कहलाउँछ । यस्ता ऋण दुई प्रकारका हुन्छन्ः आन्तरिक र बाह्य । आन्तरिक ऋण देशभित्रैबाट कुनै संस्था वा व्यक्तिबाट लिने ऋण हो भने कुनै बाह्य देशबाट लिने ऋणलाई विदेशी वा बाह्य ऋण भनिन्छ । यस्ता ऋण धनीदेशहरूले अल्पविकसित तथा विकासशील देशहरूलाई दिने गर्छन् । अहिले वैश्विक संस्था तथा बैंकहरू पनि यस्ता ऋणप्रवाह गर्दै आएका छन् ।

नेपालको गरिबीतिर लाग्दा हाल नेपालमा साठीलाख मानिसहरू गरिबीको रेखामुनि बाच्न बाध्य छन् । राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल जीवनस्तर सर्भेक्षण, चौथो (२०७९/०८०) अनुसार नेपालमा गरिबीको रेखामुनिका कुल जनसङ्ख्या २०.२७ प्रतिशत रहेका छन् । २०६६/०६७ मा यस्ता जनसङ्ख्या २५.२ प्रतिशत रहेकोमा हाल २०.२७ प्रतिशतमा झरेको देखिन्छ। उक्त सर्नेक्षणले प्रतिव्यक्ति वार्षिक ७२ हजार ९०८ रूपियाँ खर्च गर्न नसक्ने व्यक्तिलाई गरिब मानेको छ। त्यस्तै सहरमा वार्षिक दुई लाख ६३ हजार र गाउँमा ७१ हजार खर्च गर्न नसक्ने गरिबीको रेखामुनि परेका छन् । यस्तै सहरी क्षेत्रमा गरिबीको दर १८.३४ र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत रहेका छन् । १५ प्रतिशतमा झर्ने अनुमान गरिएपनि सो अनुमान घट्न सकेन । घट्न नसक्नुका मूल कारणका रूपमा भूकम्प, कोरोना तथा बाढीपैरोलाई लिएका छन् ।

प्रदेश अनुसार हेर्दा सबैभन्दा कम गण्डकी प्रदेश (११.१८%) मा छन् भने सबैभन्दा बढी गरिब सुदूरपश्चिम प्रदेश (३४.१६%) मा रहेछन् । यस्तै मधेश प्रदेश (२२.५३%) चौथो स्थानमा रहेको छ। यस्तै क्रमशः कोसी तेस्रो, बागमती दोस्रो, लुम्बिनी पाँचौं, र कर्णाली छैठौं रहेका छन् । यस्ता गरिबको जनसंख्या नेपालको जनसङ्ख्या २,९१,६४,५७८ लाई आधारलिई निकालिएको हो । काठमाण्डूमा सो जनसङ्ख्या ७ प्रतिशत रहेका छन् । यस्तै गैरखाद्य खर्चको अंश ३८ प्रतिशतबाट बृद्धि भै हाल ४७ प्रतिशतमा पुगेको छ । औषत वार्षिक उपभोग खर्च ६६ प्रतिशतले बृद्धि भएको छ। आ.व.२०६६/०६७ मा औषत प्रतिव्यक्ति उपभोग खर्च ७५ हजार ९०२ रूपियाँ रहेकोमा हाल १,२६,१७२ रूपियाँ पुगेको छ।

यस्ता गरिबीबाट बाहिर निस्किएका संख्यामाथि विश्वास गर्ने आधार कमजोर देखिन्छ । यहाँका युवाहरू वेरोजगारीका चपेटामा दिनप्रतिदिन बढ्दै गएका छन् । नेपालमा यिनीहरूका लागि रोजगारीको सम्भावना नदेखेर नै विदेश पलायन भएका छन् । शिक्षित बेरोजगारी अझ विकराल छ। एउटा विज्ञापन निस्किँदा हजारौं युवाहरू निवेदक बन्न बाध्य हुन्छन्। यसरी प्रत्येक विज्ञपनमा हजारौं युवाहरू निवेदक बन्दै थाकिसकेका छन् । बाध्य भएर लेबरको काममा विदेशपलायन भइरहेका छन् ।

अहिले जे पनि देखिएको छ त्यो वैदेशिक श्रमबाट आर्जन गरेका रकम हुन्। सबैभन्दा राम्रो आफ्नै देशमा श्रमपसिना लगाएर आर्जन गरेका रकमबाट दोहोरो फाइदा भैरहेको हुन्छ। यसबाट वैदेशिक निर्मरता घट्दै जान्छ । अहिले भारतले खाद्यान्नदेखि लताकपडा लगायत सरसमानहरू बन्द गरिदियो भने हाम्रो हबिगत के होला ? वैदेशिक रोजगारबाट हाम्रो युवाहरूलाई स्वदेश पठाइ दियो भने के होला ? यस्ता जटिल समस्यामाथि सरकारको ध्यान तुरुन्त जानुपर्छ जो देश यस्ता कुरामा ध्यान दिएको छैन त्यस्ता देशको हालत दिनप्रतिदिन बिग्रदै गएको छ। नेपाल विश्वका एउटा अतिकमजोर देश बन्नपुगेको छ। हाम्रो बाजेका समयमा व्यापार संतुलनमा थियो तर उहाँको नातिको पाला आउँदैआउँदा पूर्णरूपेण भारत लगायत अन्य विदेशी राष्ट्रमाथि निर्भर भएका छौं । पञ्चातकालमा जति फैक्ट्रीहरू थिए, हाल सबैका सबै बन्द भैसकेका छन् ।

अब हामी देशको सार्वजनिक ऋणतिर पनि हेरौं। २०७०/०७१मा ५.४८ खर्ब सार्वजनिक ऋण रहेकोमा २०८०/८१ सम्म आउँदैआउँदा २४.०० खर्ब हुन पुगेको देखिन्छ। यी ऋण लगभग ५ गुणाले बृद्धि भएका छन् । यसरी दिनप्रतिदिन राष्ट्रियऋण बढ्दैजाँदा प्रगतिको कुरा गर्नु बादियात जस्तो लाग्छ। अहिले प्रतिव्यक्तिमाथि कति ऋण छ भन्दा अचम्म




लाग्छ । प्रतिव्यक्ति ऋण रू.८२,२९१.६४ रहेछ । आजको जन्मिदो बच्चा पनि यस्ता ऋणले थिचिँदै छ। यसरी प्रत्येकसाल ऋण बढ्दै जाँदा भोलि कस्तो अवस्था हुने हो विचारणीय कुरो छ । उता गरिबी घटदै गएको छ भने सरकार देखाइ रहेछ। यसबाट के बुझिन्छ भने प्रतिव्यक्तिको स्तर उठेको छैन बरू खस्केको अवश्य रहेछ।

हालको अवस्थालाई हेर्दा ३० वर्षे पञ्चायतकालमा भएका औद्योगिक विकासलाई समेत बर्बाद गरेको पक्का हो। भएका उद्योग/कारखानाहरू समेत बन्द भै सकेका छन् जो चालु छन् ती पनि बन्द हुने अवस्थामा आइसकेका छन् । आजका पार्टिहरू आफूलाई बडो क्रान्तिकारी पार्टी भन्छन् । कोही एकीकृत मार्क्सबादी भन्छन् । कोही आफूलाई माओवादी भन्छन् । नेपाली कांग्रेस आफूलाई राष्ट्रियता, प्रजातंत्र र समाजवादसंग जोडेर प्रचार गरेको छ। यसरी यी पार्टीहरू सरकार पनि चलाएकै छन् ।

यिनीहरूले आजसम्म एउटा पनि समाजवादी कार्यक्रम लागुगर्न सकेका छैनन् । बरू पंचायतकालमा मोही तथा हदबन्दी लगाएर जग्गामा जस्को जोत त्यस्को पोतको अधिकार समेत दिएका थिए जो अहिलेसम्म खेतीहर मजदुरहरूसमेत जमीनका मालिक बन्न सकेका छन् । रैतिलाई नागरिक बनाउने काम त त्यसैबेला भैसकेको थियो । एक छिनका लागि मानौं गणतन्त्र आयो । राजा बाहिरिए । जनताले के पायो । देश लुटतन्त्रमा बदलिसकेको छ । जताततै भ्रष्टाचार व्याप्त छन् । भ्रष्टाचारको जाल माथिदेखि तलसम्म प्रष्ट रूपमा हेर्न पाइन्छ। भ्रष्ट व्यक्तिहरू चोखो भएका छन् र इमान्दारहरू असुरक्षाका डरले लुकेका छन् ।

गरिबीको डाटा देखाएर कम भयो, कसरी पत्याउन सकिन्छ ? ऋण खाएर घीउ पिउनु जस्तै हो । यस्ता कुरा जनतालाई ढाट्ने कामबाहेक अरू केही होइन । जुन देशका युवाहरू विदेशमा आफ्ना युवाशक्तिलाई प्रयोग गरिरहेका छन् त्यस्तो दुर्भाग्य अरू के हुन सक्छ ? अब त अर्को यड्यन्त्र पनि शुरु भैसकेको छ। तराईको मलिलो जग्गामा पहाड, हिमालका मानिसहरू बसोबास गर्न ओइरो लागेका छन् । हिमाल, पहाडका गाउँहरू सुनसान भैरहेका छन् । यस्ता बसाइँसराइलाई जबसम्म व्यवस्थित गर्दैन तबसम्म जथाभावी बसाइँसराइलाई रोक्न सकिँदैन । प्राकृतिक स्रोतहरू दिनदिनै ह्रास भैरहेका छन् । सरकारको ध्यान यतातिर जानुपर्ने देखिन्छ। वनजंगल, उपजाऊ जग्गा, नदीनाला, पहाड, हिमाल, तराई आदि सबै प्रभावित हुदैं आइरहेका छन्।

निष्कर्ष : गरिब र ऋणको सम्बन्ध ऋणात्मक देखिन्छ । गरिब घट्दा ऋणमा कमी आउँछ । ऋण बढ्दा गरिबको संख्या बढ्न थाल्छन् । नेपालमा ऋण बढदै गएका छन् । प्रत्येक परिवार ऋणले आक्रान्त छन् । उता सार्वजनिक ऋण थप्दै जाँदा त्यसको भार पनि यी जनतामाथि नै पर्ने देखिन्छ । मधेश प्रदेशले गरिबी घटाउन अन्नको उत्पादनमा बढी जोडदिनु पर्छ । पर्यटनको विकासमा बढी लगानी गर्नु पर्छ । बिगतमा तराई कै उत्पादनले पुरै नेपालको खाद्यान्न पुरागरी बाँकी भारतमा निर्यात गरिन्थ्यो, हाल उल्टो भएको छ। अहिले भारतबाटै हामी खाद्यान्न, फलफुल, घरनिर्माणका सामानहरू, औषधि, यातायातका साधनहरू लगायत तमाम सरसमान मगाइरहेका छौं ।

अर्कोतिर ऋणको बृद्धि प्रत्येक नेपालीको टाउकोमा थप्दै गएको छ । २०७०/०७१ को डाटा हेर्दा ५.४८ खर्बबाट क्रमशः बढ्दै २०८०/०८१ सम्म १० वर्षमा २४.०० खर्ब पुगेको देखिन्छ, जो नेपालको लागि एउटा ठुलो चिन्ताको विषय हो। २०८१/०८२ मा पनि घट्ने होइन, बढ्ने संकेत नै देखिन्छ। एकातिर गरिबी घट्यो र अर्कोतिर सार्वजनिक ऋण बढ्यो भन्दा बेमेल खाएको देखिन्छ। मान्छेमाथि ऋण थप्नु भनेको आम्दानीलाई प्रभावित गर्ने होला नि ? हुन त नेपाल, आफै अति पछाडि परेको समूहमा पर्ने हुनाले ऋण थप्दै जाँदा भोलिको अवस्था कस्तो हुने हो ? विचार गरौं त ! इतिश्री ।

# नेपाली राजनीतिक इतिहासमा युवाको भूमिका र अबको बाटो

मिङमा डण्डु शेर्पा

नेपाली राजनीतिक इतिहासलाई अध्ययन गर्दा नेपाली युवाको भूमिका अत्यन्त महत्त्वपूर्ण र निर्णायक देखिन्छ। नेपाली युवाले प्रत्येक क्रान्तिकारी घटनामा अग्रसर भएर नेतृत्वदायी भूमिका निभाएका छन् । उनीहरूको साहस, जोस र परिवर्तनको आकांक्षाले नेपाली समाजलाई रूपान्तरण गर्ने प्रक्रियामा ठोस प्रभाव पारेको छ । यहाँ नेपाली राजनीतिक आन्दोलनमा युवाको भूमिकाको ऐतिहासिक विकासक्रम र अबको बाटोबारे विस्तृत चर्चा गरिएको छ।

**सात सालको क्रान्ति**

२००७ सालमा भएको क्रान्ति नेपाली युवाको राजनीतिक सचेतनाको प्रारम्भिक चरण थियो। यस क्रान्तिले राणाशासनको अन्त्य गर्दै लोकतन्त्रको स्थापनाका लागि आधारशिला तयार गऱ्यो । यसमा कम्युनिस्ट विचारधारा प्रभावशाली थियो, जसले समाजलाई शोषणमुक्त बनाउन युवालाई आकर्षित गऱ्यो। यस अवधिमा विद्यार्थी विशेष गरी काठमाडौँका युवाहरू क्रान्तिको अग्रमोर्चामा थिए। उनीहरूले गोप्य रूपमा बैठक, पर्चा वितरण र जनचेतना अभियान सञ्चालन गरेर ठुलो भूमिका निर्वाह गरे ।

**२०१७ सालको विद्रोह र भूमिगत आन्दोलन**

राजा महेन्द्रले २०१७ सालमा संसदीय व्यवस्थालाई खारेज गरी पञ्चायती व्यवस्था लागु गरेपछि नेपाली युवाले भूमिगत रूपमा विद्रोहको योजना बनाए । यो समयमा कम्युनिस्ट पार्टीहरूमा ठुलो संख्यामा युवाहरू प्रवेश गरे र गोप्य रूपमा विभिन्न संगठनको स्थापना गरे।

युवाले विभिन्न स्थानमा जनचेतना अभियान, सामूहिक विरोध प्रदर्शन र जनतालाई उत्प्रेरित गर्ने काम गरे। विद्रोह र भूमिगत आन्दोलनमा संलग्न युवा-कार्यकर्ताले संगठन निर्माण, क्रान्तिकारी विचारधाराको प्रचार-प्रसार र नेतृत्व विकासमा महत्त्वपूर्ण भूमिका खेले । नेपाली युवाले देशलाई समृद्ध बनाउन बहुआयामिक भूमिका खेल्नुपर्छ । आर्थिक विकास, शिक्षा, सामाजिक न्याय, सुशासन, पर्यावरणीय दिगोपन र सांस्कृतिक पुनर्जागरणमा युवाको नेतृत्व महत्त्वपूर्ण हुनुपर्छ ।

**जनमत संग्रह**

राजा महेन्द्रद्वारा स्थापित पञ्चायती व्यवस्थाविरुद्ध २०३६ सालमा भएको जनमत संग्रहमा युवाहरूको भूमिका निर्णायक थियो। कम्युनिस्ट पार्टीहरूद्वारा आयोजित जनमत संग्रह अभियानमा युवाले आफ्नो साहस र शक्ति प्रदर्शन गरे । बहुदलीय प्रजातन्त्रको पक्षमा जनमत बनाउन युवा कार्यकर्ताले गाउँ-गाउँमा प्रचार अभियान चलाए । संगठित विरोध प्रदर्शन गरे र जनतालाई राजनीतिक रूपमा सचेत बनाउने कार्यमा संलग्न भए। यसले पञ्चायती व्यवस्थाको आधारलाई कमजोर बनाउन महत्त्वपूर्ण योगदान पुऱ्यायो।

**जनआन्दोलन**

२०४६ सालको जनआन्दोलन नेपाली युवाका लागि एउटा निर्णायक मोड हो। यस आन्दोलनका क्रममा युवाले प्रजातन्त्रको पुनर्स्थापनाका लागि अग्रपंक्तिमा रहेर संघर्ष गरे। यस आन्दोलनमा विद्यार्थी संघहरू, युवा संगठनहरू र अन्य क्रान्तिकारी समूह व्यापक रूपमा संलग्न भए । यस आन्दोलनले पञ्चायती शासनलाई अन्त्य गर्दै बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना गऱ्यो, जसमा युवाको भूमिका इतिहासमा अमर रह्यो।

**दशवर्षे माओवादी जनयुद्ध**

२०५२ सालमा सुरु भएको माओवादी जनयुद्धमा पनि युवाको भूमिका अत्यन्त महत्त्वपूर्ण रह्यो । सशस्त्र विद्रोह गर्न माओवादी पार्टीले युवालाई आकर्षित गरेको थियो। युवाहरूले जनमुक्ति सेना, जनमिलिसिया र विभिन्न जनसंगठनमा संलग्न भएर संघर्षको अग्रपंक्तिमा भूमिका खेले । उनीहरूले सामाजिक, आर्थिक र राजनीतिक समानताका लागि लडे। परिणामतः निरंकुश राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा महत्त्वपूर्ण योगदान पुगेको छ।

**दोस्रो जनआन्दोलन**

दोस्रो जनआन्दोलन (२०६२/६३) मा युवाले गणतन्त्रको स्थापनाका लागि महत्त्वपूर्ण भूमिका खेले । यस आन्दोलनका क्रममा युवाले विरोध प्रदर्शन, आम हडताल र जनचेतना अभियानमा व्यापक रूपमा संलग्न भएर सक्रिय भूमिका निभाए।

यस आन्दोलनले नेपालमा गणतन्त्रको स्थापनाको आधार तयार गऱ्यो । यस आन्दोलनपछि देशमा निरंकुश राजतन्त्रको अन्त्य भयो र संघीय लोकतान्त्रिक गणतन्त्रको युग सुरु भयो । यो परिवर्तनको प्रक्रिया र संविधान निर्माणको अवधिमा युवा कम्युनिस्ट कार्यकर्ताले सक्रिय भूमिका खेले । संविधानसभा निर्वाचन (२०६४ र २०७०) मा युवा उम्मेदवारको महत्त्वपूर्ण सहभागिता रह्यो। युवा नेताले संविधान निर्माणको प्रक्रियामा आफ्नो विचारधारालाई प्रभावकारी ढंगले प्रस्तुत गरे ।

**संविधानको कार्यान्वयन**

नयाँ संविधानको कार्यान्वयनपछि संघीय प्रणालीको स्थापना भयो । यस प्रणालीलाई संस्थागत गर्न युवा नेताले



महत्त्वपूर्ण योगदान दिए। स्थानीय, प्रदेश र संघीय सरकारमा युवा जनप्रतिनिधिको भूमिका उल्लेखनीय रह्यो। युवाहरूले स्थानीय विकास, सुशासन र समाज सुधारमा अग्रणी भूमिका खेल्न थाले। उनीहरू विभिन्न जनसंगठन र पार्टी एकाइमा संगठित भई समाजमा सकारात्मक परिवर्तन ल्याउन लागिपरे।

**अबको बाटो**

**१) प्राप्त उपलब्धिको संस्थागत र व्यवस्थाको रक्षा**

प्राप्त उपलब्धिको संस्थागत गर्दै व्यवस्था रक्षाका लागि युवाको भूमिका महत्त्वपूर्ण छ, किनभने युवाशक्ति समाजको मेरुदण्ड हो। युवाले सामाजिक न्याय, विधिको शासन र समतामूलक समाजको निर्माणमा विशेष भूमिका निर्वाह गर्न सक्छन्। युवाले आफ्नो ऊर्जालाई सकारात्मक दिशामा प्रयोग गरेर समाज र देशको समग्र विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्।

**२) रोजगारी सिर्जना**

बेरोजगारीको समस्याले गर्दा धेरै युवा विदेश पलायन भइरहेका छन् । स्वदेशमै रोजगारीका अवसर सिर्जना गरेर युवालाई देशमै रोक्ने काम गर्नुपर्छ। सरकारले सहकारी, कृषि, पर्यटन र साना उद्यमको प्रवर्धन गरेर युवालाई आत्मनिर्भर बनाउन सघाउनुपर्छ।

**३) आर्थिक विकासमा योगदान**

उद्यमशीलता र नवप्रवर्तन : युवाहरूले नयाँ व्यावसायिक अवसरहरूको पहिचान गर्दै उद्यमशीलता विकासमा ध्यान दिनुपर्छ। स्टार्टअप, कृषि उद्योग, हरित प्रविधि र नवप्रवर्तनात्मक परियोजनामा संलग्न भएर अर्थतन्त्रलाई सबल बनाउन सकिन्छ।

कृषि र ग्रामीण विकास : कृषि क्षेत्रको आधुनिकीकरण र विविधीकरणमा युवाले नेतृत्व गर्नुपर्छ । नयाँ कृषि प्रविधिहरू, जैविक खेती र सहकारी प्रणालीलाई प्रवर्द्धन गरेर ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन आवश्यक छ।स्वदेशी उत्पादनलाई प्राथमिकता : आयातमा निर्भरता कम गर्न र स्वदेशी उत्पादनलाई प्राथमिकता दिन युवाले अभियान चलाउनुपर्छ । यसले रोजगारी सिर्जना गर्न र राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउन सहयोग पुऱ्याउँछ।

**४) शिक्षा र सीप विकास**

गुणस्तरीय शिक्षा : युवाहरूले गुणस्तरीय शिक्षा प्राप्त गर्न र यसलाई सबैका लागि उपलब्ध गराउन दबाब दिनुपर्छ । प्राविधिक शिक्षा, वैज्ञानिक अनुसन्धान र व्यावसायिक प्रशिक्षणलाई प्राथमिकता दिनुपर्छ। सीपयुक्त युवाशक्ति : युवाका लागि रोजगारोन्मुख सीप प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ । सीपयुक्त युवाशक्तिले देशको विभिन्न क्षेत्रमा योगदान पुऱ्याउन सक्छ।

**५) सामाजिक न्याय र समानता**

समानतामूलक समाज निर्माण : युवाले जातीय, लैंगिक र सामाजिक विभाजनलाई अन्त्य गर्न संघर्ष गर्नुपर्छ । सबैका लागि समान अवसर, समान न्याय र समान अधिकार सुनिश्चित गर्नुपर्ने दायित्व युवालाई छ। गरिबी निवारण र सामाजिक सुरक्षामा ध्यान : गरिबी निवारणका कार्यक्रममा सहभागी भई सामाजिक सुरक्षा योजनालाई सुदृढ बनाउन युवाले भूमिका खेल्नुपर्छ । सामाजिक सुरक्षाका लागि सञ्चालित परियोजनामा सक्रिय भूमिका निभाउनुपर्छ।

**६) राजनीतिक सुधार र सुशासन**

सुदृढ लोकतन्त्र : युवाले लोकतन्त्रको संस्थागत विकासका लागि भूमिका खेल्नुपर्छ। राजनीतिक भ्रष्टाचार र अस्थिरता अन्त्य गर्न र सुशासन सुनिश्चित गर्न युवा नेतृत्व आवश्यक छ ।संघीयताको सुदृढीकरण : संघीयता सफल बनाउन प्रदेश र स्थानीय सरकारमा युवाको सक्रिय सहभागिता आवश्यक छ । संघीय शासन प्रणालीको प्रभावकारितामा सुधार गर्न युवाले योगदान पुऱ्याउनुपर्छ।

**७) पर्यावरण संरक्षण**

दिगो विकासका लागि युवाले हरित अर्थतन्त्रको प्रवर्द्धन गर्नुपर्छ। वन संरक्षण, जलस्रोतको व्यवस्थापन र वातावरणीय जागरूकता अभियानमा संलग्न भई प्राकृतिक स्रोतहरूको संरक्षण गर्नुपर्छ। जलवायु परिवर्तनको सामना : जलवायु परिवर्तनको असरलाई कम गर्न र पर्यावरणीय संकटलाई सामना गर्न युवा नेतृत्व आवश्यक छ। यसका लागि नवीनतम प्रविधि र नवाचारको उपयोग गर्नुपर्छ।

**८) सांस्कृतिक पुनर्जागरण**

संस्कृति संरक्षण : नेपाली सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा युवाले भूमिका खेल्नुपर्छ। स्थानीय कला, भाषा र संस्कृति जगेर्ना गर्दै राष्ट्रिय पहिचानको विकास गर्नुपर्छ।

सामाजिक एकता र समन्वय : विभिन्न सांस्कृतिक समूहहरूबिच आपसी समझदारी र समन्वयलाई बढावा दिन युवाहरू अग्रसर हुनुपर्छ । नेपाली युवाले देशलाई समृद्ध बनाउन बहुआयामिक भूमिका खेल्नुपर्छ। आर्थिक विकास, शिक्षा, सामाजिक न्याय, सुशासन, पर्यावरणीय दिगोपन र सांस्कृतिक पुनर्जागरणमा युवाको नेतृत्व महत्त्वपूर्ण हुनुपर्छ। (लेखक नेकपा माओवादी केन्द्र, केन्द्रीय समितिका वैकल्पिक केन्द्रीय सदस्य हुन्।)

# राष्ट्रपतिद्वारा जनताको सुख, शान्ति र मुलुकको समृद्धिको कामना

बाजुरा । राष्ट्रपति रामचन्द्र पौडेलले जनताको सुख, शान्ति र मुलुकको समृद्धिको कामना गर्नुभएको छ ।



यहाँको त्रिवेणी नगरपालिका-७ स्थित ऐतिहासिक नाट्यश्वरी मन्दिरको नवनिर्मित भवनको विहिबार उद्घाटन गर्नुहुँदै उहाँले परापूर्वकालदेखि बडिमालिका क्षेत्रका यी पवित्र धार्मिकस्थलहरूमा पूजाअर्चना गरी आफ्नो र देशका लागि विभिन्न मनोइच्छित वरदान माग्ने गरेको आफूले सुन्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "आज म यस पुण्यभूमिमा उभिएर प्रार्थना गर्दछु-सम्पूर्ण नेपाली जनताको सुख, शान्ति र मुलुकको समृद्धि होस् ।"

र ा ष ट ् प त ि पौडेलले बडिमालिका क्षेत्रमा आएर प्रकृतिको अनुपम दृश्य देख्न पाउँदा आफूलाई जीवनको सबैभन्दा ठूलो तीर्थस्थलमा आएको महसुस भएको बताउनुभयो । उहाँले भन्नुभयो, "नाट्यश्वरी देवीको मन्दिर प्राङ्गणमा उभिएर म भन्न चाहन्छु, यहाँ रहेको प्रकृतिको अद्वितीय छटाबाट साँच्चैको स्वर्ग कस्तो हुन्छ भन्ने पहिलो पटक हेर्न पाएको छु ।"

बाजुरावासीले आफूलाई 'विपन्नतामा छौँ' भन्ने भावना नराख्न आग्रह गर्दै उहाँले यस ठाउँको कृषि, पर्यटनको विकास हुने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रपति पौडेलले बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधतायुक्त समाजलाई प्रसिद्ध धार्मिकस्थल एवम् दिव्यधामले एकताको सूत्रमा आबद्ध गरी धार्मिक सहिष्णुता तथा आपसी सद्भाव कायम गर्दै सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "बाजुरामा ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक धरोहर हुँदाहुँदै पनि विकास र समृद्धिमा पछाडि परेको छ, स्रोत र साधनका लागि अथाह सम्भावना बोकेको यो भूमिको विकासका लागि राज्यको उचित ध्यान जाने विश्वास व्यक्त गर्दछु ।

" त्रिवेणीमा अवस्थित बडिमालिका दिव्यधामलाई नेपालकै एक अलौकिक धरोहरका रूपमा लिइने र यस्तो दिव्यधाममा आएर बडिमालिकाको दर्शन र नाट्यश्वरी देवीको दर्शन गर्न पाएकामा उहाँले खुसी प्रकट गर्नुभयो ।

र ा ष ट ् प त ि पौडेलले बडिमालिका क्षेत्र धार्मिक, पर्यटकीय, पुरातात्विक, सांस्कृतिक एवं प्राकृतिक सुरम्य स्थलका रूपमा रहेको बताउनुभयो । "यहाँका अलौकिक, प्राकृतिक सम्पदा जस्तैः कस्तुरी, मृग, झारल, घोरल, बाघ, भालु, विभिन्न चराचुरुङ्गी, डाँफे, मुनाल साथै अमूल्य जडीबुटीहरूले सु-शोभित पुण्यभूमिको आरक्षण र यस क्षेत्रको विकास जरुरी छ भन्ने मलाई लागेको छ, यसका लागि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु", उहाँले भन्नुभयो ।

यस दिव्यधामको सानिध्यमा रहेका त्रिवेणी, मौर्या क्षेत्र र नाट्यश्वरी देवीको मन्दिर नेपालको प्रसिद्ध धार्मिकस्थल हो । बडिमालिका दर्शनपछि नाट्यश्वरी मन्दिरमा आएर दर्शन गर्ने मान्यतासमेत रही आएको छ । स्कन्धपुराणको मानस खण्डमा यस स्थलको उल्लेख गरेको पाइन्छ ।

यसअघि आज बिहान राष्ट्रपति पौडेलले प्रसिद्ध धार्मिकस्थल बडिमालिका मन्दिरको दर्शन एवम् पूजाअर्चना गर्नुभएको थियो । सो अवसरमा प्रथम महिला सबिता पौडेल सहभागी हुनुहुन्थ्यो ।रासस

# नेपालले मौसमी सङ्कटको सामना गरिरहेको छः परराष्ट्रमन्त्री

परराष्ट्रमन्त्री डा देउवाले भन्नुभयो, "कम विकसित र पर्वतीय राष्ट्रहरू जस्तै नेपालले जलवायु परिवर्तनको गम्भीर र असमान प्रभावहरूको सामना गरिरहेको छ तर विश्वव्यापी जलवायु एजेन्डा र जलवायु प्रक्रियाहरूले विकासोन्मुख र पर्वतीय राष्ट्रहरूको दुर्दशा पर्याप्त रूपमा प्रतिबिम्बित गर्न सकेका छैनन् ।"

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालले जलवायु परिर्वतनको प्रभावका कारण चरम मौसमी सङ्कटको सामना गर्नुपरेको बताउनुभएको छ । नेपाल रिपब्लिक मिडियाद्वारा विहिबार आयोजित 'विश्वव्यापी जलवायु कार्यका लागि सगरमाथाको आह्वान' विषयक अन्तरक्रियामा उहाँले यसबाट जनधनको क्षतिका साथै सडक, पुल, जलविद्युत् परियोजना र अन्य सार्वजनिक तथा निजी सम्पत्तिको क्षतिसमेत ब्यहोर्नु परेको उल्लेख गर्नुभयो ।



परराष्ट्रमन्त्री डा देउवाले भन्नुभयो, "कम विकसित र पर्वतीय राष्ट्रहरू जस्तै नेपालले जलवायु परिवर्तनको गम्भीर र असमान प्रभावहरूको सामना गरिरहेको छ तर विश्वव्यापी जलवायु एजेन्डा र जलवायु प्रक्रियाहरूले विकासोन्मुख र पर्वतीय राष्ट्रहरूको दुर्दशा पर्याप्त रूपमा प्रतिबिम्बित गर्न सकेका छैनन् ।"

उहाँले जलवायुसम्बन्धी सम्मेलन (कोप २८) मा सञ्चालनमा आएको हानि र नोक्सानी कोषसहित सबै जलवायु कोष र सुविधाहरूलाई पर्याप्त रूपमा पुँजीकृत गर्नुपर्ने र विकासोन्मुख राष्ट्रहरूले सजिलै पहुँच प्राप्त गर्नसक्ने बनाउनुपर्ने बताउनुभयो । अजरबैजानको बाकुमा हुने आगामी जलवायु सम्मेलन कोप-२९ मा जलवायु जोखिममा रहेका राष्ट्र, पर्वतीय राष्ट्रका आवश्यकता र प्राथमिकता तथा प्रभावकारी सहभागिताको तयारी भइरहेको उहाँको भनाइ थियो ।

"नेपालजस्ता राष्ट्रहरू जुन वैश्विक हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान गर्छन्, ती जलवायु विपत्तिको सिकार हुनु गम्भीर अन्यायको विषय हो," मन्त्री डा देउवाले भन्नुभयो, "जलवायु सङ्कट निम्त्याउने कार्य गर्ने विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई अनुकूलन र लचिलोपन निर्माणका लागि पर्याप्त स्रोत, प्रविधि र अन्य सहयोग प्रदान गर्नुपर्छ ।"कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले सरकारले जलवायु परिवर्तनलाई गम्भीरता साथ लिएको उल्लेख गर्दै जलवायु परिवर्तनको असर कम गर्न अनुकूलन र कार्बन उत्सर्जन घटाउन न्यूनीकरणका साथै हानि र नोक्सानीलाई सम्बोधन गर्ने उपायहरूलाई प्राथमिकता दिएको जानकारी गराउनुभयो ।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको समस्या सृजना गर्नमा हाम्रो योगदान नगण्य भए पनि जलवायु सङ्कट समाधान गर्नमा नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा नेतृत्वदायी भूमिका खेल्दै आएको छ ।" नेपालले सन् १९९२ को जलवायु परिवर्तन महासन्धि र सन् २०१५ को पेरिस सम्झौताअनुमोदन गर्नाका साथै आफ्नो प्रतिबद्धताहरु पूरा गर्दै आएको उहाँको भनाइ थियो ।

नेपालले सन् २०२० मा प्रस्तुत गरेको दोस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी)मा नवीकरणीय ऊर्जा, वन क्षेत्र संरक्षण, विद्युतीय यातायात प्रवर्द्धनलगायत क्षेत्रमा अत्यन्तै महत्वाकाङ्क्षी लक्ष्यहरू समावेश गरेका छौँ," मन्त्री शाहीले भन्नुभयो, "यस योजनामा जलवायु अनुकूलन, हरित ऊर्जा र वातावरणीय संरक्षणका क्षेत्रहरूमा विशेष ध्यान दिइएको छ ।

"नेपालले २०५० सम्म कार्यान्वयन गर्ने राष्ट्रिय अनुकूलन कार्यक्रम तयार पारी कार्यान्वयन गरिरहेको बताउँदै उहाँले सन् २०४५ सम्ममा 'नेट जिरो इमिसन'को लक्ष्य हासिल गरी नेपाल कार्बन उत्सर्जन घटाउँदै दिगो विकास र समृद्धि हासिल गर्न लक्ष्य राखेको बताउनुभयो ।

मन्त्री ठकुरीले आगामी नोभेम्बरमा अजरबैजानको बाकु सहरमा आयोजना हुन लागेको कोप-२९ सम्मेलनको मुख्य केन्द्रविन्दुमा रहेको जलवायु वित्तका बारेमा ठोस निर्णय हुन आवाश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "उसले गर्दा नेपाल जस्ता मुलुकलाई आवश्यक जलवायु वित्तमा सहज पहुँच हुन जरुरी छ ।

साथै यस पटक कार्बन उत्सर्जन धेरै गर्ने देशहरुले थप योजनाहरुमा प्रतिबद्धता जनाई तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न ठोस कदम चाल्नुपर्ने आवश्यक छ ।"

कार्यक्रममा नेपालका लागि संयुक्त अधिराज्यका राजदूत रोब फेन, न्युयोर्क टाइम्सका अध्यक्ष स्टेफन डनबर जोनसन, रिपब्लिक मिडियाका प्रमुख कार्यकारी अधिकृत समृद्धि ज्ञवाली, जीवाष्म इन्धन निःरस्त्रीकरण सन्धि पहलका लागि विश्वव्यापी संलग्नता निर्देशक हरजित सिंह, जलवायुविज्ञ सन्तोष नेपाललगायतले जलवायु परिवर्तनले गरेका असरका बारेमा जानकारी गराउँदै समाधानका लागि गर्नुपर्ने पहलका सम्बन्धमा आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।रासस

## शान्तिप्रक्रियाको काम तत्काल अघि बढाउन

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसहित तीन दलका शीर्षनेताको बैठकमा शान्ति प्रक्रियाको थप कामलाई अघि बढाउने विषयमा छलफल भएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा विहिबार बसेको बैठकमा शान्ति प्रक्रियाको बाँकी काम टुङ्ग्याउने विषयमा छलफल भएको, शान्ति प्रक्रियाको भावना र कानुनी प्रक्रियालाई बुझ्ने खालका व्यक्तिलाई पदाधिकारी बनाउनुपर्ने विषयमा छलफल भएको नेकपा (माओवादी केन्द्र) का उपमहासचिव शक्तिबहादुर बस्नेतले जानकारी दिनुभयो ।

"एक/दुई दिनभित्र सिफारिस समितिलाई पूर्णता दिने विषयमा छलफल भएको छ, सिफारिस समितिले पूर्णता पाएपछि आयोगमा पदाधिकारी सिफारिस हुन्छ", बैठकपछि उहाँले भन्नुभयो, "शान्ति प्रक्रियाको भावना र कानुनी प्रक्रियालाई बुझ्ने खालका व्यक्तिको आयोग बनोस् भन्ने सबैको चाहना छ तर कस्तो व्यक्ति पठाउने दुई आयोगमा भन्ने कुरा सिफारिस समितिले गर्नेछ ।"सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गर्न अघिल्लो सरकारले सिफारिस समिति बनाएको थियो । गत भदौ १३ गते राष्ट्रपतिबाट दुवै आयोगसम्बन्धी कानुनलाई संशोधन गर्ने विधेयक प्रमाणीकरण भएको थियो ।

बैठकमा प्रधानमन्त्री ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री रमेश लेखक, नेकपा (माओवादी केन्द्र) का उपमहासचिव बस्नेत र महान्यायाधिवक्ता रमेश वडाल सहभागी हुनुहुन्थ्यो ।रासस

# बाढीबाट प्रभावित काभ्रेको खानेपानी संरचना फाष्ट ट्र्यकमा बनाउँछौँ : मन्त्री यादव



काभ्रे । खानेपानीमन्त्री प्रदीप यादवले काभ्रेको रोशीलगायतका खोलानालाले बिगारेको संरचनाको काम फाष्ट ट्र्यकमा निर्माण गरिने बताउनुभएको छ ।

गत असोज १२ गतेको अविरल वर्षासँगै आएको बाढी पहिरोबाट क्षतिग्रस्त काभ्रेको बनेपास्थित शशीपानी क्षेत्रको मुहान, धुलिखेलको राणेखोला मुहान र पनौती नगरपालिकाअन्तर्गत २ र १२ नं. वडाको खानेपानी मुहानलगायतका संरचनाको आज स्थलगत निरीक्षणका क्रममा मन्त्री यादवले सो कुरा बताउनुभएको हो ।

खानेपानीमन्त्री यादवले भन्नुभयो,"पनौतीसहितआसपासका क्षेत्रमा खानेपानी मन्त्रालयअन्तर्गत विभागका संरचनामा पनि बाढीले ठूलो क्षति पुऱ्याएको छ । बिग्रेभत्केका ती संरचनाको काम द्रुत प्रक्रियामार्फत सुरु गरी बाढी प्रभावित जनतालाई यथासक्य छिटो खानेपानीको व्यवस्था गर्छौं ।"उहाँले भन्नुभयो, "मन्त्रालय, विभाग, खानेपानी संस्थानसहितको टिमले बाढीपहिरोका कारण भएको क्षतिको यथार्थ विवरण तयार गरी तीन दिनभित्र सूचना प्रकाशित गरी काम अघि बढाइने छ, ढुक्क हुनुहोस् यथासक्य छिटो खानेपानी समस्या हल गर्न सरकार तयार छ ।"

मन्त्री यादवले खानेपानी उपयोग तथा व्यवस्थापनका सन्दर्भमा मुहान क्षेत्रका स्थानीयवासीसँग आवश्यक समन्वय गरी दीर्घकालीन रूपमा समस्या समाधान गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।मन्त्री यादवलाई पनौतीका स्थानीयवासीले छिटोभन्दा छिटो खानेपानीको व्यवस्था गरिदिन र बाढीका कारण क्षतिग्रस्त संरचना निर्माणका साथै प्रभावित क्षेत्रका वस्तीसमेत स्थानान्तरण गरी प्रभावित जनताको जीउधनको सुरक्षाका लागि अनुरोध गर्नभयो ।

अनुगमन टोलीमा बागमती प्रदेशका सांसद कञ्चनचन्द्र बादे, पनौती नगरपालिका प्रमुख रामशरण भण्डारी, बनेपा नगरपालिका प्रमुख शान्तिरत्न शाक्य, जिल्लास्थित राजनीतिक दलका नेता तथा कार्यकर्ता, स्थानीयवासी, खानेपानी तथा ढल व्यवस्थापन विभागका प्रमुख, खानेपानी संस्थानका महाप्रबन्धकलगायतका प्रतिनिधि तथा पदाधिकारी सहभागी हुनुहुन्थ्यो ।रासस

# आयोगद्वारा नेपाली नागरिकता त्याग गर्नेको विवरण माग

काठमाण्डु । निर्वाचन आयोगले गैर-आवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिको उक्त नागरिकता प्राप्त गर्नु पूर्वको नेपाली नागरिकता त्याग गरिएको विवरण गृह मन्त्रालयमार्फत माग गरेको छ ।

आयोगको विहिबारको बैठकले स्थानीय तह उपनिर्वाचनको मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि गैर-आवासीय नेपाली नागरिकता लिएका व्यक्तिको साबिकको नागरिकता त्यागको विवरण माग गरेको हो ।

ए े न ब म ा े ि ज म नागरिकता त्याग गरेको विवरण जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाले जानकारी दिनुभयो । गैरआवासीय नेपाली नागरिकता लिन चाहने व्यक्तिले साबिकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण पेस गर्नुपर्ने व्यवस्था छ ।आयोगले उक्त व्यवस्थाअनुरुप गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्नुपूर्वको सम्बन्धित व्यक्तिको नेपाली नागरिकता त्यागको विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जिल्ला निर्वाचन कार्यालयमा यही कातिक ५ गतेभित्र उपलब्ध गराउन गृह मन्त्रालयलाई निर्देशन दिएको हो ।रासस


## Invitation for Bids

**Madhesh Institute of Health Sciences**

**Janakpurdham, Dhanusha**

**Date of publication: 18 October 2024**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the construction of below mention works under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya Banijya Bank Ltd, Janakpurdham, Dhanusha

**Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

**Office Code no. :** 3700017022

**Office Account no.:** 1220100026496001

**Rajaswa (revenue) Shirshak no.:** 14229

**Dharauti Khata No.:-** 1220100026497001

4. Pre-bid meeting shall be held at the Madhesh Institute of Health Sciences Janakpurdham, Dhanusha at 01:00 PM on 5 November 2024
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 17 November 2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on 17 November 2024 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | IFB No. | IFB/Contract Name | Cost Estimate (Exclusive of VAT and Contingencies) | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|---|
| 1 | MIHS/NCB/WORKS/2081-82/02 | Family Planning Bhawan mathi Truss Nirman Karya, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 3629928.58 | 3000/- | 100000/- |

# बङ्गलादेशकी पूर्वप्रधानमन्त्री हसिनाविरुद्ध पक्राउ पुर्जी जारी

एएफपी

ढाका । बङ्गलादेशको एक अदालतले निर्वासित पूर्वप्रधानमन्त्री शेख हसिनालाई पक्राउ पुर्जी जारी गरेको छ ।अदालतले हसिनाको आवामी लिग पार्टीका पूर्व महासचिव ओबैदुल कादिर र अन्य ४४ जनाविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ ।

विद्यार्थी समूहको नेतृत्वको आन्दोलनको उत्कर्षमा हसिना गत अगस्टमा भारत पलायन हुनुभएको थियो । उहाँको नेतृत्वको सरकारविरुद्धको विद्रोहमा ज्यान गुमाएका सयौँमध्ये एकका आफन्तले आफूहरु मुद्दाको सुनुवाइको प्रतीक्षामा रहेको बताएका छन्। हसिनाविरूद्धको मुद्दाको पक्षमा बहस तथा पैरवी गरिरहेका अभियोजक मोहम्मद ताजुल इस्लामले हसिना पदच्युत भएको दिनलाई 'उल्लेखनीय दिन' का रूपमा उल्लेख गर्नुभयो।

हसिनाको १५ वर्षे शासनकालमा व्यापक रूपमा मानव अधिकार उल्लङ्घन, राजनीतिक विरोधीहरूलाई सामूहिक हिरासतमा राख्ने र गैरन्यायिक हत्याहरू गर्नेजस्ता काम भएको आरोप हसिना प्रशासनलाई लागेको छ। बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरण (आईसीटी) का मुख्य अभियोजक इस्लामले पूर्व प्रधानमन्त्री शेख हसिनालाई पक्राउ गर्न र नोभेम्बर १८ मा अदालतमा पेश गर्न अदालतले आदेश दिएको बताउनुभयो ।



जुलाईदेखि अगस्टसम्म नरसंहार, हत्या र मानवताविरुद्धको अपराध गर्नेहरूको नेतृत्व तत्कालिन प्रशासन र यसको कार्यकारी प्रधानमन्त्री हसिनाले गरेका र उहाँसहित अन्य अभियुक्तलाई पक्राउ गरी अनुसन्धान गर्न आवश्यक भएकाले पक्राउ पूर्जी जारी गरिएको इस्लामले बताउनुभयो । हसीनाको शासन ढलेपछि उहाँका दर्जनौं सहयोगीलाई हिरासतमा लिइएको थियो र उहाँलाई सत्ताच्युत गर्ने आन्दोलनका क्रममा ७०० भन्दा बढी व्यक्तिको ज्यान जाने गरी भएको प्रहरी कारबाहीका लागि दोषी ठहर गरिएको थियो।

पूर्व मन्त्रीहरू र उहाँको अवामी लिग पार्टीका अन्य वरिष्ठ सदस्यहरूलाई गिरफ्तार गरिएको छ, र उहाँको सरकारद्वारा गरिएका राजनीतिक नियुक्ति, र अदालत र केन्द्रीय बैङ्कका केही अधिकारी समेतलाई जिम्मेवारीबाट हटाइएको छ । बङ्गलादेशबाट हेलिकप्टरबाट भागेपछि हसिना सार्वजनिक रुपमा देखिनुभएको छैन । भारतको राजधानी नयाँ दिल्ली नजिकै रहेको सैन्य एयरबेसमा ७७ वर्षीय हसिना अन्तिम पटक देखापर्नुभएको थियो । हसिनाको पूर्व सबैभन्दा ठूलो हितैषी भारतमा उहाँको बसाइ र त्यहाँबाट हुने राजनीतिक गतिविधिले बङ्गलादेशको नयाँ अन्तरिम सरकारलाई क्रोधित बनाएको छ।

ढाकाले उहाँको कूटनीतिक राहदानी रद्द गरेको छ । दुई देशबीच द्विपक्षीय सुपुर्दगी सन्धि छ जसले उहाँलाई आपराधिक मुद्दाको सामना गर्न अनुमति दिनेछ। तर, सन्धिको एउटा धारामा भने 'राजनीतिक चरित्र'को अपराध भएमा सुपुर्दगी अस्वीकार गर्न सकिने उल्लेख छ ।अदालतमा मुद्दा दायर गर्नेहरूमा हसीनाविरुद्धको प्रदर्शनका क्रममा गत जुलाईमा मारिएका चिकित्सक सजिब सरकारका परिवारका सदस्यहरू पनि रहेका छन् ।

"हामी चाहन्छौं कि सरकारले पूर्व प्रधानमन्त्रीलाई जतिसक्दो चाँडो फिर्ता ल्याउन पहल गरोस् र उहाँलाई जवाफदेही बनाओस्", सजिबकी बहिनी सुमैया सरकारले एएफपीसँग भन्नुभयो, "हामी निष्पक्ष सुनुवाईको प्रतीक्षामा छौँ।"यो मुद्दा सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्रता सङ्ग्रामका क्रममा भएका ज्यादतीको छानबिन गर्न सन् २०१० मा गठन भएको हसिनाको सरकारले सन् २०१० मा स्थापना गरेको युद्ध अपराधसम्बन्धी अदालतमा दर्ता भएको छ ।

संयुक्त राष्ट्रसङ्घ र अधिकारवादी समूहहरूले यसको प्रक्रियागत कमजोरीहरूको आलोचना गरेका छन् र यसलाई हसिनाका लागि राजनीतिक विरोधीहरूलाई हटाउने माध्यमको रूपमा व्यापक रूपमा हेरिएको थियो।हसिनामाथि प्रदर्शनकारीको 'सामूहिक हत्या'को योजना बनाएको आरोप लगाउँदै अदालतले अनुसन्धान गरिरहेको छ ।हसिनाको पलायनसँगै नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसलाई अन्तरिम सरकारको जिम्मेवारी सुम्पिएको छ ।

बङ्गलादेशमा माइक्रोफाइनान्स क्षेत्रमा अग्रगामी परिवर्तनको नेतृत्व गरेका ८४ वर्षीय युनुसले प्रजातान्त्रिक संस्थाहरूको पुनर्स्थापनाको 'अत्यन्त कठिन' चुनौतीको सामना गर्न अस्थायी प्रशासनको नेतृत्व गरिरहनुभएको छ । युनुसले आफूले सार्वजनिक प्रशासन र न्यायको 'पूर्णतया भत्किएको' प्रणाली विरासतमा पाएको र भविष्यमा निरंकुशतातर्फ फर्कन नदिन व्यापक सुधार आवश्यक रहेको बताउनुभएको छ ।

# बिपी कोइराला मेमोरियल कप भैरहवामा हुने




भैरहवा । बिपी कोइराला मेमोरियल कप, टी-२० क्रिकेट प्रतियोगिता २०२४ को भैरहवामा आयोजना हुने भएको छ । दक्षिण एसियाली चारवटा टेष्ट राष्ट्र भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश र नेपालसहित पाँच देशका प्रथम श्रेणीका खेलाडीको सहभागितामा प्रतियोगिता आयोजना हुन लागको हो ।

नेक्सस क्रिकेट एकेडेमीको आयोजनामा नेपाली क्रिकेट विकासमा टेवा पुर्याउने र खेल पर्यटन प्रवर्धन गर्ने उद्देश्यका साथ कात्तिक ३ देखि १० गतेसम्म प्रतियोगिता आयोजना हुने जनाइएको छ ।

एकेडेमीका अध्यक्ष भरतकुमार शाहीले प्रतियोगितामा पाकिस्तानी क्लबबाट पाकिस्तान राष्ट्रिय टिमबाट खेलिसकेका इम्रान नाजिर, बङ्गलादेशको टिमबाट बङ्गलादेशी स्टारहरू आलोक कपाली र मुनिम साहरियर, भारतबाट आइपिएल खेलाडी दीपक पुनियासहित सबै टिममा प्रथम श्रेणीका खेलाडीको सहभागिता रहने बताउनुभयो ।प्रतियोगितामा बाङ्गलादेशबाट गुलाज वरियर्स बाङ्गलादेश, टाइगर्स इन्टरनेशनल स्पोर्ट्स पाकिस्तान, नेक्सस रुपन्देही ११, लाइफ केयर क्रिकेट क्लब भारत, श्रीलङ्का स्टेट सर्विसेज क्रिकेट एशोसिएसनको टिम सहभागी रहनेछ ।

विजयी टिमलाई रु पाँच लाख र उपविजेतालाई रु तीन लाख पुरस्कार प्रदान गरिने अध्यक्ष शाहीले जानकारी दिनुभयो । यस्तै प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई रु ३५ हजार, उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरलाई जनही रु २० हजार तथा प्रत्येक खेलमा म्यान अफ दि म्याचलाई रु पाँच हजार प्रदान गरिनेछ । नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको स्मृतिमा आयोजित यो प्रतियोगिताले रुपन्देही मात्र नभई नेपालकै क्रिकेटको विकासमा महत्वपूर्ण भूमिका निभाउने आयोजकको अपेक्षा रहेको छ ।

प्रतियोगितालाई नेपाल क्रिकेट सङ्घले आधिकारिकता प्रदान गरेको छभने प्राविधिक सहयोग रुपन्देही क्रिकेट सङ्घले गरेको छ । भैरहवाको सिद्धार्थ क्रिकेट रङ्गशालामा हुने प्रतियोगितामा प्रत्येक टिमले एकअर्कासँग खेल्ने र अन्तिम चारमा पुगेका बीच सेमीफाइनल हुने लुम्बिनी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सञ्जय गुरुङले जानकारी दिनुभयो ।

प्रतियोगिता सञ्चालन गर्न करिब रु एक करोड २० लाख खर्च हुने आकलन गरिएको छ ।रासस

# भारतमा विक्री घटेसँगै नोकियाको समग्र कारोबारमा गिरावट

एएफपी

हेलसिन्की । फिनल्याण्डको दूरसञ्चार उपकरण निर्माता कम्पनी नोकियाले बिहीबार तेस्रो त्रैमासिकमा खुद नाफामा ३२ प्रतिशतले वृद्धि भएको जनाएको छ ।नोकियाले तेस्रो त्रैमासिकमा ४.३ अर्ब युरो (४.७ अर्ब डलर) को बिक्री को घोषणा गरेको छ । यो एक वर्ष पहिलेको तुलनामा आठ

बजार अनुसन्धान फर्म टेन्डर्सका विश्लेषक अट्टे रिकोलाले एएफपीलाई बताएअनुसार नोकियाको आम्दानीको विकास केही अपवादबाहेक अपेक्षाअनुरूप नै भएको छ ।रिकोलाले भन्नुभयो, "नोकियाको खुद बिक्री एक वर्षदेखि घट्दै गएपनि अहिले भने सामान्य सुधारको अपेक्षा गरिएको




प्रतिशत कम हो र ब्लूमबर्गद्वारा सर्वेक्षण गरिएको विश्लेषकहरूले अनुमान गरेको भन्दा कम हो।

कम्पनीले भनेको छ, "मुख्यतया भारतमा मोबाइल नेटवर्कमा आएको गिरावटका साथै क्लाउड र नेटवर्क सेवाहरूमा भएको विनिवेशले बिक्रीलाई प्रभावित गरेको छ।"

छ । खूद् बिक्री अझै घटेको छ किनभने बजारमा सुधार अपेक्षित रूपमा छिटो हुन सकेको छैन ।"

रिकोलाले नेटवर्क व्यवसायमा चुनौती रहेको भन्दै नोकियाका लागि अर्को एक वर्ष कठिन हुने अपेक्षा गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले एक अर्को वर्ष आम्दानी नबढ्ने अनुमान गरिएको

> रिकोलाले नेटवर्क व्यवसायमा चुनौती रहेको भन्दै नोकियाका लागि अर्को एक वर्ष कठिन हुने अपेक्षा गरिएको बताउनुभयो ।

नोकियाका प्रमुख कार्यकारी पेक्का लुन्डमार्कले भन्नुभयो, "सुधारिएको उत्पादन मिश्रण, क्षेत्रीय मिश्रण र उत्पादन लागत कम गर्ने कार्यहरूको संयोजनबाट प्रेरित मुनाफा ३२ प्रतिशतले बढेर १७ करोड ५० लाख युरो पुगेको छ।

लुन्डमार्कले भन्नुभयो, "नोकियाले अहिले हाम्रो व्यवसायलाई धेरै क्षेत्रमा पछि पारिरहेको छ, यद्यपि केही क्षेत्रले बजार कमजोरीको अनुभव गरिरहेका छन्।"लुन्डमार्कले भन्नुभयो, "कम्पनीले आफ्नो सञ्चालन मुनाफा २.३ अर्बदेखि २.९ अर्ब यूरोको बीचमा राखेको छ। यद्यपि शुद्ध बिक्रीको रिकभरी 'हामीले अपेक्षा गरेभन्दा ढिलो भइरहेको छ' ।"

फिनल्याण्डको छ ।"नोकिया, स्वीडेनको एरिक्सन र चीनको हुवावेजस्ता प्रमुख दूरसञ्चार उपकरण निर्माताहरूले आफ्ना ग्राहकहरू अर्थात् टेलिकम अपेरेटरहरूको लगानीमा मन्दी र भारतमा सुस्त वृद्धिको सामना गरेका छन्।

रिकोलाले भन्नुभयो, "अझै धेरै वर्षसम्म बजार वृद्धि कायम राख्न कठिन हुनेछ।"एरिक्सन र नोकियाले फाइभजी उपकरणको माग कम हुँदै गएपछि लागत र रोजगारी कटौती गरिरहेका छन् ।नोकियाले गत वर्ष अक्टोबरमा ८६ हजार कर्मचारीमध्ये १४ हजार कर्मचारी कटौती गर्ने घोषणा गरेको थियो ।एरिक्सनले यस साताको तेस्रो त्रैमासिकमा बिक्रीमा चार प्रतिशतले गिरावट आएको जनाएको छ ।

# भारतमा विषाक्त मदिरा सेवन गर्दा २० जनाको मृत्यु

एएनआई

सिवान । भारतको उत्तरी राज्य बिहारमा विषाक्त मदीरा सेवन गर्दा कम्तीमा २० जनाको मृत्यु भएको छ ।

बिहारको सिवान जिल्लाका एसपी अमितेश कुमारले बिहीबार दिएको जानकारीअनुसार विषाक्त रक्सी पिउँदा २० जनाको ज्यान गएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।चाप्राका प्रहरी अधिकारी कुमार आशिषले घटनाको थप अनुसन्धानका लागि



विशेष अनुसन्धान टोली गठन गरिएको बताउनुभएको छ। उहाँका अनुसार घटनासँग जोडिएका तीन जनालाई पक्राउ गरिएको छभने आठ जनाविरुद्ध जायरी दर्ता गरिएको छ ।

मृतकमध्ये एक जनाका आफन्तले अक्टोबर १५ मा विषाक्त मदिरा पिएपछि उहाँका आफन्तको स्वास्थ्य बिग्रिएको बताएका छन् । विरामीले अक्टोबर १५ मा विषाक्त मदिरा पिएपछि बुधबार साँझ उनीहरूको स्वास्थ्यमा समस्या आएको र अस्पताल ल्याइएको अर्का एक विरामीका आफन्तले बताए ।

# यौन भिडियो बनाएको आरोपमा 'फुटबलर' ह्वाङलाई चार वर्षको जेल सजाय माग

एएफपी

सियोल । दक्षिण कोरियाली अन्तर्राष्ट्रिय फुटबलर ह्वाङ उइ-जोलाई गैरकानुनी रुपमा यौन सम्बन्धको भिडियो बनाएको अभियोगमा अदालतमा दोषी ठहर गर्दै चार वर्षको जेल सजायको माग गरिएको छ ।

अभियोजकहरूले 'सियोल सेन्ट्रल डिस्ट्रिक्ट कोर्ट'मा ३२ वर्षीय र ह्वाङलाई चार वर्षको जेल सजायको माग गरेका थिए।नटिङ्घम फरेस्टका पूर्व स्ट्राइकरले सहमतिबिना एक महिलासँग यौन सम्बन्ध राखेको भिडियो बनाएको सुनुवाईका क्रममा स्वीकार गरेको र आफूमाथि दया देखाउन आग्रह गरेको एएफपीले बिहीबार प्राप्त गरेको फैसलापूर्वको कागजातको एक अंशमा उल्लेख छ ।

"हाल टर्कीको क्लब अलान्यास्पोरबाट खेल्दै आएका ह्वाङले सुरुमा आफू निर्दोष रहेको दाबी गरेका थिए", अभियोजकले भनेका छन्, "यद्यपि उनले अहिले गल्ती स्वीकारेका छन्, तर उनले मुद्दा अघिको आरोपलाई अस्वीकार गरेका छन्।"पीडितहरूलाई भएको अपूरणीय क्षतिको लागि ह्वाङ सन्तुष्ट भएको वा नभएको पनि सुनुवाईका क्रममा प्रश्न गरिएको थियो ।

ह्वाङले न्यायाधीशलाई दिएको बयानमा भनेका छन्, "मैले गरेको गल्तीका कारण पीडितहरूले दुःख पाएका छन्, म क्षमा याचना गर्दछु । म अत्यन्त उदारताको लागि हार्दिक अनुरोध गर्दछु।"

ह्वाङलेले यो घटनालाई 'ऐनाको प्रतिबिम्ब' का रुपमा प्रयोग गरेर खेलाडीका रुपमा लगनशील भएर जीवन यापन गर्ने बताएका छन् ।

# गाजामा एक हप्तामा ४०० प्यालेस्टिनी मारिए, सयौं घाइते : राष्ट्रसङ्घ

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । गाजामा एक हप्तामा करिब ४०० प्यालेस्टिनी मृत्यु हुनुका साथै करिब एक हजार ५०० घाइते भएको मानवीय मामिला तथा आपतकालीन राहतका लागि राष्ट्रसङ्घका कार्यवाहक उपमहासचिव जोयस सुयाले बताउनुभएको छ ।

गाजाको मानवीय अवस्थाबारे राष्ट्रसङ्घीय सुरक्षा परिषद्लाई जानकारी दिँदै सुयाले अक्टोबर ९ पछि इजरायली हवाई आक्रमणका कारण गाजामा सयौँ व्यक्ति हताहत भएको बताउनुभएको छ ।

अल अक्सा अस्पताल नजिकै शरण लिइरहेका बिरामी र विस्थापितहरूको तस्बिरले विश्वलाई विचलित बनाएको जनाउदै महिला तथा बालबालिका सहित धेरै व्यक्तिहरूले कठिन जीवनको सामना गरिरहेको उहाँले उल्लेख गर्नुभएको छ ।

यदि यस्तो आतङ्कले मानवताको भावना हराउने र मानवतावादीहरूलाई काम गर्न उत्प्रेरित नगर्ने बताउँदै उहाँले इजरायलको सैन्य आक्रमण तीव्र हुँदै गएकाले ५५ हजार भन्दा बढी मानिसहरू जबलिया क्षेत्रबाट विस्थापित भएको बताउनुभएको छ ।

उहाँले अक्टोबरको शुरूदेखि १५ सम्म गाजामा कुनै पनि खाद्य सहायता नआएको बताउँदै बाँच्नका लागि सबै आवश्यक सामग्रीहरू समाप्त भइरहेको जनाउनुभएको छ ।

गाजाको दयनीय अवस्था र पीडालाई ध्यानमा राख्दै, मानवीय पहुँच अस्तित्वहीन भएको उहाँले बताउनुभएको छ ।

पटक पटकका मिसन अवरुद्ध हुँदा, अभावबीच बाँचिरहेका गाजाबासीलाई मानवीय सहायताको अझ बढी खाँचो भएको उहाँले बताउनुभयो । गाजाको पीडालाई शब्दमा वर्णन गर्न नसकिने बताउदै अधिकारीले अन्तर्राष्ट्रिय कानूनलाई सम्मान गरी सबै सदस्य राष्ट्रहरूले सहायतालाई सुनिश्चित गर्नुपर्ने बताउनुभएको छ ।

बैठकका लागि अनुरोध गर्ने अल्जेरियाका प्रतिनिधिले गाजाको विनाशकारी मानवीय अवस्थाबारे चिन्ता व्यक्त गरेका छन् ।

मङ्गलबार गाजामा सहायताका ट्रकहरू आएको भए पनि घेराबन्दीका कारण जबालिया पुग्न असफल भएको उल्लेख गर्दै उहाँले मानवीय सहायताका सामाग्रीको अभाब सिर्जना गर्ने सैन्य घेराबन्दी अस्वीकार्य मात्र नभई युद्ध अपराध भएको बताउनु भएको छ ।

राष्ट्रसङ्घमा प्यालेस्टाइनका लागि स्थायी पर्यवेक्षक रियाद मन्सुरले गाजामा भइरहेको आक्रमणको विकल्प मौनता र निस्क्रियता नभएको उल्लेख गर्नुभएको छ ।

प्यालेस्टिनी र लेबनानी जनताले इजरायलको दण्डहीनताको मूल्य चुकाउन बाध्य भएको उल्लेख गर्दै गाजामा घेराबन्दी, भोकमरी र बम विस्फोटमा परेका चार लाख प्यालेस्टिनीलाई अधीनमा राखिनु युद्ध नभई अपराध भएकाले यसलाई रोक्नुपर्ने उहाँले बताउनुभएको छ ।


## Invitation for Bids

**Madhesh Institute of Health Sciences**

**Provincial Hospital**

**Janakpurdham**

Invitation for Bids No: MIHS/GOODS/NCB/2081-82/02

**Date of publication:18 Oct. 2024**

1. The Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham invites electronic bids from eligible bidders for the procurement of supply of Medical and Surgical equipments under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Interested Bidders Shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

   **Name of the Bank:** Rastriya Banijay Bank, Janakpurdham.

   **Name of Office :** Provincial Hospital, Janakpurdham

   **Office Code no.** 3700517012 **Office Account no.** 1000100200010000

   **Rajaswa (revenue) Shirshak no.** 14229
4. Electronic bids must be submitted to the office Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 17 Nov. 2024. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM On 17 Nov. 2024 at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham. Bids must be valid for a period of 120 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 771000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 150 Days).

   **Bid security deposite in the following bank.**

   **Name of the Bank:** Rastriya Banijay Bank, Janakpurdham.

   **Name of Office :** Pradesh Lekha Niyantrak Karyalay Madhesh Province, Janakpurdham

   **Office Account no.** 1220100202030000
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid andbid security shall remain the same as specified for the original last date of bid submission.

# चुनौतीपूर्ण बन्दै बाच्छा व्यवस्थापन



चितवन । उन्नत जातका गाईको बाच्छा व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । जन्मेपछि पालनपोषण गरेर पनि उपयोग नहुने भएपछि किसानका लागि बाच्छा व्यवस्थापन झन्झटिलो बनेको हो ।

खेतबारी जोत्न पनि उपयोगमा नआउने भएकाले कतिपयले बाच्छा जङ्गलमा लगेर छाड्ने गरेका छन् । कालिका नगरपालिकाका राधेश्याम खतिवडा घरमा पालिएको उन्नत जातको गाईको बाच्छो हिँड्डुल गर्नसक्ने भएपछि थोरै रकम दिएर पठाउने गरिएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "लगेका मानिसले के गर्छन् थाहा छैन, तर रु पाँच सय-हजार दिएर पठाउने गर्छौं ।" बाच्छी मात्रै जन्मिने सिमेन (वीर्य) पाइने भएकाले त्यसतर्फ राज्यले ध्यान दिन सके यो समस्या हट्ने उहाँको भनाइ छ ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगाले उन्नत जातका गाई पाल्ने सबैका लागि यो जटिल समस्याका रुपमा रहेको बताउनुहुन्छ । आफूले तीनवटा बहर पालिरहेको बताउँदै उहाँले भन्नुभयो, "त्यत्तिकै पठाउन सकिँदैन, पालेर पनि प्रतिफल पाइँदैन ।"भर्खर जन्मिएका बाच्छालाई २० दिनदेखि एक महिनाभित्रमा नाम्ले जुकाको औषधि खुवाउने गरिन्छ । कतिपयले त्यो औषधि नखुवाएर बाच्छाको ज्यान जाने गरेको उहाँको भनाइ छ। उहाँले थप्नुभयो, "किसानका लागि उन्नत जातका गाईको बाच्छो निकै जटिल छ।"

पशु सेवा कार्यालय चितवनका प्रमुख सुशील केसी बाच्छी मात्रै जन्माउनका लागि 'सेक्सड् सिमेन' प्रयोग गर्नुपर्ने भए पनि यो महँगो र सहज उपलब्ध नहुने भएकाले कम प्रयोग गरिने बताउनुहुन्छ । एउटा गाईलाई एक पटकमा रु एक हजार दुई सय हाराहारी खर्च गरेर बाच्छी जन्माउन सकिने उहाँको भनाइ छ। यद्यपि गर्भधारणको प्रतिशत कम हुने उहाँले बताउनुभयो ।

सामान्यतया नेपालमा उत्पादन गरिएको उन्नत जातको सिमेन रु ३० मा पाइने भएकाले यसैलाई अधिकांश गाइपालक किसानले प्रयोग गर्दै आएका छन् । यसबाट बाच्छा वा बाच्छी जुनसुकै जन्मिन सक्छ। जिल्लामा एक लाख बढी उन्नत जातका गाईपालन भइरहेको छ।

मधेस प्रदेशका कृषि सचिव डा शरण पाण्डेले प्राकृतिक नियम विपरीत बाच्छी मात्रै जन्माउने सिमेन प्रयोग गर्न नहुने बताउनुभयो । बाच्छा-बाच्छी र गाई विदेश निर्यात गर्नुपर्ने उहाँको भनाइ छ । सरकारले नीतिगत निर्णय गरेर भारत र बङ्गलादेश पठाउन सके किसानलाई लाभ हुने उहाँले बताउनुभयो ।रासस

# माटोका भाँडा बेचेर मासिक ८० हजारसम्म आम्दानी

धरान । इटहरी उपमहमनगरपालिका-६ का सुरज पण्डितले माटोका भाँडाकुँडाबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ।

गाउँघरदेखि सहरबजारतिर माटोको भाँडाकुँडा प्रयोगमा कम आए पनि आफूले पुर्ख्यौली पेसा छोड्न नसकेको र यसबाट निराश हुने अवस्था नरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी सबै परिवार माटोको भाँडा बनाउँछौँ, हाम्रा बाजेहरूले पहिलेदेखि बनाउँदै यही काम गर्दै आउनुभएको हो । पुर्ख्यौली पेसा हो अहिले पनि यही भाडाँकुडा बनाएरै घरखर्च पुगेको छ, आम्दानीको स्रोत नै यही हो।"

उहाँको इनरुवामा माटोको भाँडा बनाउने आरन छ, त्यहाँ बनाका भाडाँकुडा इटहरी लिएर बच्ने गरिएको छ । धेरै व्यापारीले आरनमै आएर खरिद गरी लिने गरेको पनि उहाँले सुनाउनुभयो । यसरी बनाउने भाँडाका लागि आवश्यक माटो भने विराटनगरको बर्जुताल क्षेत्रबाट ल्याउने गरेको पण्डितले जानकारी दिनुभयो।



उहाँले भन्नुभयो, "जस्तो पायो त्यस्तो माटोले भाडाँ बन्दैन, नजिकै राम्रो माटो पाउन गाह्रो छ। एक ट्र्याक्टर माटोको रु १२ हजारदेखि १८ हजारसम्ममा ल्याउने गरेका छौँ, एक गाडी माटोले रु १ लाख ५० हजार मूल्य बराबर माटोका सामान बनाउन सकिन्छ। घरमा सबै खर्च कटाएर पनि रु ८० हजारभन्दा बढी मासिक आम्दानी हुने गरेको छ।"

पण्डितले माटोको सामान उत्पादन गर्न सकेमा बिक्रीका लागि बजारको समस्या खासै नरहेको बताउनुभयो । "धेरैजसो व्यापारीले कारखानामै आएर सामान लिन्छन्, पसलबाट पनि उति नै बिक्री हुन्छ। धेरैजसो मागका सामान बनाउने भएकाले इटहरी बाहिरका ग्राहकले पनि माग गर्छन्", उहाँले भन्नुभयो, "पूर्वको झापा, मोरङ, पाँचथर, इलाम, खादबारी, फिदिम, धनकुटादेखि भोजपुरसम्म मागअनुसार गाडीमार्फत उठाउने गरेका छौँ।"

पण्डितका अनुसार बजार र ग्राहकको मागअनुसारका सामग्री बनाउन सके भाँडा व्यवसायबाट राम्रो कमाइ हुन्छ । आफूले रक्सी बनाउने पैनि, गमला, गाग्रो, पाला, कलश, दियो, फूलदानी, दही जमाउने भाँडा, फिल्टर, खुत्रुके, गिलासलगायत सामान बनाउने गरेकाले सामान बिक्री हुँदैन कि भनेर कहिल्यै चिन्ता गर्नु नपरेको उहाँको भनाइ छ। "एक/दुईवटा सामान बोकेर गाउँ डुल्नुपर्ने अवस्था छैन, घर खर्चका लागि कमाउन त्यति धेरै गाह्रो हुन्न", पण्डितले भन्नुभयो।

> "हामी सबै परिवार माटोको भाँडा बनाउँछौँ, हाम्रा बाजेहरुले पहिलेदेखि बनाउँदै यही काम गर्दै आउनुभएको हो । पुर्ख्यौली पेसा हो अहिले पनि यही भाडाँकुडा बनाएरै घरखर्च पुगेको छ, आम्दानीको स्रोत नै यही हो ।"

हाल एउटा पैनि रु छ सयदेखि दुई हजारसम्ममा बिक्री हुने गरेको छभने गमला रु ३० रुपैयाँदेखि रु आठ सयसम्म बिक्री हुने गरेको छ। साना-साना सामान दर्जनका हिसाबले बिक्री हुन्छ। जसमा रु २० रुपैयाँदेखि लिएर रु एक हजारसम्ममा बिक्री हुने गरेको उहाँले बताउनुभयो । "अन्यत्र मजदुरी गरेर दुःखले कमाउनुभन्दा पुर्ख्यौली पेसाबाटै कमाइ राम्रो छ। तीन दशकदेखि भाँडा बनाउँदै आएका छौँ", पण्डितले भन्नुभयो।

इटहरी उपमहानगरपालिका-६ का व्यापारी युवराज काफ्ले पछिल्लो समय माटोका भाँडा थोरै स्थानमा मात्रे बनाउने गरिएकाले यसको संरक्षण र प्रवर्द्धनका लागि सरकारले पनि सहयोग गर्नुपर्ने बताउनुहुन्छ। उहाँले विगत दुई वर्षदेखि माटोको भाँडाकुँडा व्यापार सुरु गरेको र सिजनअनुसार आम्दानी राम्रै हुने बताउनुभयो । "माटोका भाँडा भनेको जन्मदेखि मृत्युसम्म नै आवश्यक पर्छ । सिजनअनुसार सबै माटोको सामग्री बिक्री हुन्छ, अहिले दियो, कलश धेरै बिक्री हुने गरेको छ", काफ्लेले भन्नुभयो," इनरुवा, विराटनगर, भारतलगायत ठाउँबाट सामान खरिद गरी बिक्री गर्ने गरेको छु। मासिक रु ३० हजारसम्म भाँडा बिक्रीबाट आम्दानी हुन्छ।"रासस

# सावित्री र सावा मनसुली जातका धानमा 'डर्टी पेनिकल' समस्या

चितवन । जिल्लामा लगाइएको धानमा 'डर्टी पानिकल' नामक रोगको समस्या देखिएको छ। पूर्वी चितवन र पश्चिम चितवनका विभिन्न स्थानमा लगाइएको सावित्री र सावा मनसुली धानमा यो समस्या देखिएको हो।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ भरतपुरका सूचना अधिकारी इन्द्र शर्मा ढुङ्गानाका अनुसार एक हजार पाँच सय हेक्टर क्षेत्रफलमा लगाइएको धानमा यो समस्या देखिएको हो। उहाँले भन्नुभयो, "यो रोग ढुसी र ब्याक्टेरियाका कारण हुने गर्दछ। पुराना जातमा यो रोगको समस्या देखिएको हो।" यो रोग लागेको धानमा बाला लागेपछि दाना नलाग्ने, पपटा हुने, दाना कालो हुने समस्या देखिएको उहाँले बताउनुभयो। उहाँका अनुसार धानमा देखिएको यो रोगका कारण यस वर्ष जिल्लामा चार हजार पाँच सय टन उत्पादन घट्ने अनुमान गरिएको छ। उहाँले भन्नुभयो, "धानको बीउसँगै यो रोगको सङ्क्रमण देखिने गरेको छ। सावित्री र सावा मनसुली धान लगाएका क्षेत्रमा ८० प्रतिशत घाटा हुने देखिन्छ।" भारतबाट आयातीत मुकावुला धानको बीआमा समेत यो समस्या देखिएको उहाँले बताउनुभयो। यो रोगबाट बच्न बीउ राख्ने क्रममा बीउ छनोट, ढुसी नासक विषादीको प्रयोग र नुन पानीले उपचार गरेर राख्नुपर्ने सूचना अधिकारी ढुङ्गानाले जानकारी दिनुभयो। धानमा यो रोग देखिएमा फुल खेल्ने समयमा कप्पर अक्सिक्लोराइड र कार्बनाडेजिङ नामक विषादी दुई ग्राम प्रतिलिटर पानीमा हालेर एक हेक्टर क्षेत्रफलमा तीन सय लिटर छर्नुपर्ने उहाँले बताउनुभयो। यो औषधि छरेको एक सातापछि पोपेकोनाजोल नामक विषादी प्रतिलिटर पानीमा एक मिलिलिटर मिसाएर प्रतिहेक्टर तीन सय लिटर पानीको प्रयोग गर्नुपर्ने उहाँले सुझाव दिनुभयो।

जिल्लामा २२ हजार आठ सय ७० हेक्टर क्षेत्रफलमा बर्खे धान लगाइएको छ। जहाँ, चैते ५, हर्दीनाथ ६, बहुगुणी १ र २, मनकामना, गङ्गोत्री, गङ्गाकावेरी, जेरी, ओआर, कतर्नी, मुकागोला, महाराजा, काशिनाथलगायत धानहरु लगाइएको उहाँले जानकारी दिनुभयो। रासस

# बाख्रापालनबाट आत्मनिर्भर बन्दै बाँकेका महिला

रौँझा । जिल्लाका किसान महिला बाख्रापालनबाट आत्मनिर्भर बन्दै गएका छन् । उनीहरूले यो वर्षको दसैँमा एक हजार सात सय ८६ खसीबोका बिक्री गरेका छन् ।

जिल्लास्थित १४ सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत खसीबोका बिक्री गरेर किसान महिलाले रु तीन करोड बढी आम्दानी गरेको राप्तीसोनारी गाउँपालीका-६ टेपरीस्थित नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थाकी प्रबन्धक दिब्या गुरुङले जानकारी दिनुभयो ।

"दिदीबहिनीले हुर्काएका खसीबोका बिक्रीको लागि सहकारीमा तौल गराउनुहुन्छ, हामीले बिक्री गर्ने गरेका छौँ", व्यवस्थापक गुरुङले भन्नुभयो,"यो वर्षको दसैँमा खसीबोका बिक्री अपेक्षा गरेभन्दा बढी भएको छ, अब तिहारमा पनि सोही गतिमा बिक्री गर्ने हुने ठानेका छौँ ।" राप्तीसोनारीस्थित नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत रु ३३ लाख दुई हजार दुई सय १० बराबरका दुई सय २२ खसीबोका बिक्री भएका छन् ।

यसैगरी दसैँमा दीपलगन सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत एक सय ९३, रोशनी सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत एक सय ९६ परिवर्तन सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत एक सय ३० खसीबोका बिक्री भएका छन् । दसैँमा सबैभन्दा बढी राप्तीसोनारी-२ खोरीयास्थित जननी सामाजिक उद्यमी महिला सहकारी संस्थाले कारोबार गरेको छ । जननीले दुई सय ८१ खसीबोका बिक्री गरेको प्रबन्धक गणेश खत्रीले जानकारी दिनुभयो ।

प्रबन्धक खत्रीका अनुसार यो दसैँमा बैजापुर सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ५७, अप्सरा सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ६९, कुसुम सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ९८, सुनकोशी सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ९६ र सङ्गीनी सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ९२ खसीबोका बिक्री भएका छन् ।



यसैगरी राप्तीसोनारी-९ ढकेरीस्थित सङ्घर्षशील सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत एक सय ९५, उपहार सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ४०, सशक्तिकरण सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ७० र बैजनाथ सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ४७ खसीबोका बिक्री भएका हुन् । राप्तीसोनारी गाउँपालिका-६ फत्तेपुरका किसान महिलाले यो वर्षको दसैँलाई लक्षित गरेर दुई सय ५० खसीबोका बिक्रीका लागि तयार गरेकोमा दुई सय २२ खसीबोका बिक्री भइसकेका छन् ।

विगतमा बाँकेका महिलाले उत्पादन गरेका खसीबोका सामाजिक उद्यमी जिल्ला सहकारी सङ्घ बाँकेमार्फत काठमाडौँलगायत बाहिरी जिल्लामा बिक्री वितरण हुँदै आए पनि अहिले सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत किसान महिलाका खसीबोका बिक्री हुँदै आएका छन् । व्यावसायिक रुपमा बाख्रापालन गरिरहेका महिलाले तौलेर खसी बिक्री गर्दै आएका छन् । महिलाले व्यावसायिक रुपमा बाख्रापालन गर्न थालेपछि बाँकेमा खसीबोका उत्पादनमा वृद्धि भएको नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थाकी व्यवस्थापक दिब्या गुरुङको भनाइ छ । पहिले फाट्फुट्ट खसीबोका बिक्री गर्ने महिला अहिले थोकमा बिक्री गर्न थालेका छन् ।

गाउँमा महिला समूहमा आवद्ध महिलाले घरमा उत्पादन गरेका खसीको बजार व्यवस्थापनको काम महिला उद्यमी सहकारीले गर्न थालेपछि बजार र ठगिने झण्झटबाट दिदीबहिनी मुक्त भएको गुरुङले बताउनुभयो । अन्य समयमाभन्दा दसैँ तिहारको समयमा खसीबोकाको माग बढी हुने र यही समयमानै बढी बिक्री हुने गरेको गुरुङले बताउनुभयो । हाल सहकारी आबद्ध किसानसँग रु पाँच सय २५ प्रतिकिलोका दरले खसीबोका खरिद गर्ने र रु १० देखि १५ प्रतिकिलो बढाएर व्यापारीलाई बिक्री गर्ने गरेको उहाँले जानकारी दिनुभयो । सहकारीमार्फत गठन गरिएका ५९ समूहमा एक हजार किसान महिला सदस्य रहेका छन् । तीमध्ये हाल करिब छ सय किसान महिलाले व्यवसायीका बाख्रापालन गर्दै आएका छन् । सहकारीबाट खसीबोका तथा बाख्रापालनका लागि ऋण पनि उपलब्ध गराउँदै आएको छ ।

राप्ती सोनारीमा वन क्षेत्र बढी भएका कारण यहाँका किसान व्यावसायिक बाख्रापालनतर्फ आकर्षित भएका हुन् । बाँकेका बाख्रापालक किसान महिलाले हुर्काएका खसीबोकाको बजारीकरणमा हेफर इन्टरनेशनललगायत सङ्घ संस्थाले सहयोग गर्दै आएका कारण बाख्रापालनबाट किसान महिला आत्मनिर्भरतर्फ उन्मुख भएका राप्तीसोनारी गाउँपालिका-७ का वडाध्यक्ष रामलखन चौधरीले बताउनुभयो । रासस

# आँबुखैरेनीका महिला सयपत्री उत्पादनमा

दमौली । यहाँको आँबुखैरेनी गाउँपालिका–१ का महिला सयपत्री फूल उत्पादनमा जोडिएका छन् ।

यान्चोक लघुउद्यम महिला सङ्घमा आबद्ध यहाँका महिलाहरू फूल उत्पादनमा जोडिएका हुन् । पछिल्लो समय यहाँ उत्पादित फूलमार्फत महिलाहरूलाई आत्मनिर्भर बन्न सघाउ पुगेको बताइएको छ । गत वर्षदेखि उहाँका महिलाहरूले संगठित रूपमा सयपत्री उत्पादन गर्न थालिएको र त्यसको बजारीकरणका लागि देश तथा विदेशमा निर्यातको पहल भइरहेको गाउँपालिका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सयपत्री फूलको बजारीकरणमा हामीले सघाउँदै आएका छौँ । कतारलगायत अन्य देशमा पनि पठाउन सकिन्छ कि भनेर समन्वय गरिरहेका छौँ ।"



यहाँका महिलाले गत वर्ष २२ रोपनी क्षेत्रफलमा सयपत्री फूलखेती गरेकामा राम्रो प्रतिक्रिया पाएपछि यसपटक दोब्बर क्षेत्रफलमा विस्तार गरेका छन् । यहाँ विभिन्न समयमा उत्पादन दिनेगरी खेती गरिएको र यसपटक दसैँको शुभारम्भदेखि नै उत्पादन दिन थालेको छ । तिहार, एकादशी मेला र मङ्सिरमा हुने विवाहलाई मध्यनजर गरी फूल उत्पादनमा जोड दिइएको कृषि शाखा प्रमुख केसीले बताउनुभयो । यहाँ गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा फूलखेती गरिएको र यसले महिलाहरूलाई आत्मनिर्भर बनाउन सहयोग पुगेको उहाँको भनाइ छ ।

लघुउद्यम महिला सङ्घका अध्यक्ष सुन्तली गुरुङले घरायसी काममा मात्रै सीमित महिलाहरू यतिबेला आत्मनिर्भर बन्ने प्रयासमा रहेको बताउनुभयो । उहाँका अनुसार सङ्घमा आबद्ध ७० महिलाले सयपत्रीको खेती गरिरहेका छन् । रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा
### हकदावि सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा रघुनाथपुर १ हाल सवैला न.पा.१३ मा वस्ने वेचन कुमर दनुवारको मिति २०८०/०४/२० गते आफ्नै कालगतिले प्रलोक भई गएको निजको एक मात्र श्रीमती चिनि देवी दनुवारको पनी मिति २०६७/०५/०७ गते आफ्नो कालगतिले मृत्यु भईसकेको निज दम्मपत्तीवाट छोरा छोरीको जाय जन्म नभएकोले निज निसन्तान रहेकोले हकभोग समेत हकदार भाई नातामा पर्ने मृतकको सवभन्दा नजिककब सेवा स्याहार पालन पोषन तथा औषधी उपचार काज क्रिया समेत गर्ने हकखाने ऐ.ऐ. बस्ने भाईहरु बुधन कुमर दनुवार-१ रामप्रसाद कुमर-१ गरी जना २ मध्ये राम प्रसाद कुमरको मंजुरिले निज मृतकहरुको नाउँमा तसिलमा उल्लेख रहेको जग्गा जेठा दाजु बुधन कुमर दनुवारको नाउँमा एकलौटी नामसारी गरी पाउँ भनी माँग निवेदन भएको र सोही अनुसारको सबैला नगरपालिका १३ नं. वडा कार्यालय को च.न.१६२५ मिति २०८०/१२/१४ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसार को सनाखत भएको ।

यसमा जग्गा धनी चीनी वती कुमर दनुवार र वेचन कुमर दनुवारको मृत्यु पश्चात हकखाने यि निवेदक बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यि निवेदका को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सबुत प्रमाण लिई दावि उजुरि गर्न यस कार्यालयमा आउनु होला। म्याद भित्र दावि उजुरी नपरी म्याद समाप्त भए पछी कानून बमोजिम मु.दे.स.२०७४ को परिच्छेद ११को दाफा २३९(१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

| जिल्ला | गा.वि.स | वार्ड.नं. | कि.नं. | क्षे.फ. | कै. |
|---|---|---|---|---|---|
| धनुषा | रघुनाथपुर | १ ख | ३६३ | ०-०-१३.७५ | |
| धनुषा | रघुनाथपुर | ५ घ | ८८ | ०-३-१९-० | |



## मालपोत कार्यालय मौलापुर, रौतहट
### छुट जग्गा दर्ता सम्बन्धी हकदाबीको ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस सन्तपुर दो.वाड न. ७ हाल परिवर्तित फतुवा बिजयपुर न.पा. ५ मा बस्ने सुरेन्द्र राय यादबले जग्गाधनि मन्सिफ राय यादबको नाम दर्ताको जि.रौ.गाविस सितलपुर वडा न. ९क कि.न.३३ को ०-१-१२,३५को ०-१-११, वार्ड न. ८क कि.न.२८५को ०-४-१५ अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममा नामसारीको लागि द.न.६३७ मिति २०८१।०५।११ गतेको माग निवेदन

माग जग्गाको मोठ भिडान हुदा गाविस सितलपुर वडा न. ९क कि.न.३३ को ०-१-१२,३५को ०-१-११, वार्ड न. ८क कि.न.२८५को ०-४-१५ को जग्गाको मोठ श्रेस्तामा जग्गाधनीको नाम मन्सीफ राय यादव,वतन जि.रौ.दो.सन्तपुर उल्लेख रही यी जग्गाहरु अप्रमाणित रहेको तथा मोठ कायम रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ।

फतुवा बिजयपुर न.पा. ५ को च.न. ४१ मिति २०८१।०४।०६ गतेको पत्रले जि.रौ.साविक गाविस सन्तपुर दो.वडा न. ७ हाल परिवर्तित फतुवा बिजयपुर न.पा. ५ मा बस्ने मन्सीफ राय यादबको नामदर्ताको माथि उल्लेखित अप्रमाणित जग्गाहरु निज मन्सीफ राय यादब सर्वे भन्दा अगावैदेखि जोतभोग चलन गर्दै आईरहेकोमा वादी सुरेन्द्र राय यादब र प्रतीवादी मनसीफ राय यादब नाती चुल्हाई राय यादबको छोरा मिश्रीलाल राय यादबबीच चलेको अंशमुदा रौ.जि.अ.को मुदा न. ०७६-म्उ-११७९ तथा उच्च अदालत जनकपुर अस्थायी अदालत बिरगंजको मुदा मिलापत्रको च.न.१२७७७ मिति २०७७।१२।२९ गतेको मिलापत्रानुसार माथि उल्लेखित अप्रमाणित जग्गाहरु प्रमाणित गरी मरुवाको सहोदर भाई पटीको नातीनाता पर्ने सुरेन्द्र राय यादबको नाममा दा.खा.गरिदिनको लागि सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदाबी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कार्यविधि २०६२को भाग ३ परिच्छेद १को दफा १,९,१ड बमोजिम यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले बाटोको म्यादवाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा माग दाबी बमोजिम दा.खा.नामसारी भै जाने व्याहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



## मालपोत कार्यालय मौलापुर, रौतहट
### छुट जग्गा दर्ता सम्बन्धी हकदाबीको ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस सन्तपुर दो.वाड न. ७ हाल परिवर्तित फतुवा बिजयपुर न.पा. ५ मा बस्ने मिश्रीलाल राय यादबले जग्गाधनि मन्सिफ राय यादबको नामदर्ताको जि.रौ.गाविस सितलपुर वडा न. ९क कि.न.३२ को०-२-१०,३४को ०-१-११, वार्ड न. ८क कि.न.२८८को ०-२-० र ४० को ०-१२-० अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममा नामसारीको लागि द.न.८६०२ मिति २०८१।०३।३१ गतेको माग निवेदन

माग जग्गाको मोठ भिडान हुदा गाविस सितलपुर वडा न. ९क कि.न.३२ को ०-२-१०,३४को ०-१-११, वार्ड न. ८क कि.न.२८८को ०-२-० र ४०को ०-१२-० को जग्गाको मोठ श्रेस्तामा जग्गाधनीको नाम मन्सीफ राय यादव,वतन जि.रौ.दो.सन्तपुर उल्लेख रही यी जग्गाहरु अपैमाणित रहेको तथा मोठ कायम रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ।

फतुवा बिजयपुर न.पा. ५ को च.न. २३४८ मिति २०८१।०३।२० गतेको पत्रले जि.रौ.साविक गाविस सन्तपुर दो.वडा न. ७ हाल परिवर्तित फतुवा बिजयपुर न.पा. ५ मा बस्ने मन्सीफ राय यादबको नामदर्ताको माथि उल्लेखित अप्रमाणित जग्गाहरु निज मन्सीफ राय यादब सर्वे भन्दा अगावैदेखिजोतभोग चलन गर्दै आईरहेकोमा ज.ध. मनसीफ राय यादब र निजको एकमात्र श्रीमती सम्पतिया ग्वारीनको आफनो कालगतिले मुत्यू भई निजहरुको शेषपछिको हकखाने एकमात्र छोरा चुल्हाई राय यादब भएकोमा निज चुल्हाई राय र निजको एकमात्र श्रीमती हिरमतिया देवी पनि आ आफनो कालगतिले प्रलोक भई निजहरुको शेषपछि हकखाने एकमात्र छोरा मिश्रीलाल राय यादब वाहेक अरु कोही हकदार तथा अंशियार नरहेकोमा वादी श्री सुरेन्द्र राय यादब र प्रतिवादी मनसीफ राय यादबको नाती चुल्हाई राय यादबको छोरा मिश्रीलाल राय यादबबीच चलेको अंशमुदा रौ.जि.अ.को मुदा न. ०७६-म्उ-११७९ तथा उच्च अदालत जनकपुर अस्थायी अदालत बिरगंजको मुदा मिलापत्रको च.न.१२७७७ मिति २०७७।१२।२९ गतेको मिलापत्रानुसार माथि उल्लेखित अप्रमाणित जग्गाहरु प्रमाणित गरी मरुवाको नातीनाता पर्ने मिश्रीलाल राय यादबको नाममा दा.खा.गरिदिनको लागि सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदाबी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कार्यविधि २०६२को भाग ३ परिच्छेद १को दफा १,९,१ड बमोजिम यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले बाटोको म्यादवाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा माग दाबी बमोजिम दा.खा.नामसारी भै जाने व्याहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

# फरार ६ जना अभियुक्त पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा विभिन्न स्थानबाट अपराधको घटनामा संलग्न रहेका फरार ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

फरार रहेका ६ जनालाई नै बिहीबार रौतहट जिल्ला अदालत समक्ष पेस गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

पक्राउ पर्नेमा सवारी ज्यानमा फरार नजिर अन्सारी, चोरी मुद्दामा फरार शिहदान्त पासवान, अखिलेशकुमार यादव, पवनकुमार कुर्मी, वालविवाहमा फरार रामसागर गिरी र लागूऔषध मुद्दामा फरार राकेशकुमार यादवलाई पक्राउ गरी अदालतमा पेस गरिएको छ ।

दशैं पर्वका बेला घर आएको सूचना पाए पछि पक्राउ गर्न सफल भएको रौतहट प्रहरीका प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिए । अन्सारीको ३ महिना ४ दिन, पासवानको १ वर्ष ११ महिना ७ दिन, गिरीको एक महिना ६ दिन, कुर्मीको १ महिना, यादवको २ महिना ३ दिन र लागूऔषधमा फरार राकेशलाई अदालतले ५० हजार जरिवाना गरेको थियो ।

लामो समयदेखि प्रहरीमा दर्ता भएको लागूऔषध ओसारपसार, कर्तव्य ज्यान, सरकारी छाप दस्तखत किर्ते, हातहतियार खरखजना, मानब बेचविखन, किर्ते नागरिकता प्रमाणपत्र, जबरजस्ती करणी, अनियमितता, भवितब्य ज्यान, सवारी ज्यान, बम बिस्फोट गराई कर्तव्य ज्यान, खुन डाँका, सरकारी कागजपत्र नष्ट गरेको, ज्यान मार्ने उद्योग, सार्वजनिक अपराधका झण्डै २ हजार आरोपितहरु फरार रहेको उनले बताए ।

# जानकी मन्दिरमा कोजाग्रत मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । कोजाग्रत पूर्णिमा जनकपुरधामको प्रसिद्ध जानकी मन्दिरमा मनाइएको छ । कोजाग्रत पूर्णिमाको अवसरमा प्रत्येक वर्ष झैं यस वर्ष पनि महोत्तरीको रतौलीबाट १ सय १ पाहुर जानकी मन्दिरमा पठाइएको थियो । महोत्तरीको रतौलीका स्व. महेन्द्र प्रसाद ठाकुरको घरबाट मन्दिरमा ल्याइएको पाहुरबाटै भगवान सीतारामको चुमाओन गर्ने परम्परा रहेको छ ।

सो पाहुरमा पान, मखान, लड्डु, खाजा, चामल, दाल तरकारी सीतारामको कपड़ा रहेको छ । जानकी मन्दिरमा पाहुर पठाइने परम्परा १ सय ४२ वर्षदेखि चल्दै आईरहेको छ र यो परम्परालाई निरन्तरता दिने प्रतिवद्धता नवीन ठाकुरले जनाए ।

शरद पूर्णिमामा मनाइने हुनाले यस दिन जानकी मन्दिरमा सोही अनुसार नै भगवानको बिहीबार साँझमा चुमाओन गरिएको छ ।

सूर्योदयका दिनमा पूर्णिमा परेकाले कोजाग्रत पूर्णिमा हुँदै आएको महन्त दासले बताए ।

कोजाग्रत पूर्णिमालाई भव्य बनाउनका लागि जानकी मन्दिरमा भजन किर्तनको आयोजनासमेत गरिएको थियो । जानकी मन्दिरका महन्थ राम तपेश्वर दास वैष्णवले प्रत्येक वर्ष कोजाग्रत पर्वलाई उत्सवको रुपमा मनाउने गरिन्छ भने सो अवसरमा हास्यपरिहासको कार्यक्रमको आयोजना समेत हुने गरेको बताए ।




गृहस्थ आश्रममा बुधबार राति नै कोजाग्रत पूर्णिमा मनाइएको छ । यसमा बेहुलाको चुमाओनपछि घरमा आउने आमन्त्रितहरुलाई पान, मखान, दिनुका साथै इष्टमित्रहरूलाई विभिन्न प्रकारका परिकारहरू तयार गरेर भोजन गराइने परम्परा रहेको छ ।

# 'प्रदेश सरकारको आफ्नै प्रहरी हुनुपर्छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले प्रदेश सरकारको आफ्नै प्रहरी संगठन हुनुपर्ने बताएका छन् ।




जनकपुरधाममा बिहीबार संचारकर्मीहरुसंग कुराकानी गर्दै पूर्वगृहमन्त्रीसमेत रहेका नेता निधिले प्रदेशको शान्ति सुरक्षाका लागि आफ्नै प्रहरी हुनुपर्ने बताएका छन् ।

सांसदसमेत रहेका नेता निधिले भने, "सबैले प्रदेश प्रहरी समायोजन भन्दैछन् मैले भने संगठन भन्छु । त्यो सरकारले समायोजन गरेर होस् या नयाँ भर्ना गरेर, तर प्रहरी संगठन प्रदेशको आफ्नै हुनुपर्छ ।"

संघीयता कार्यान्वयनको सात वर्ष बितिसक्दा पनि प्रदेश प्रहरी ऐन पारित नहुनु दुःखद रहेको उनले टिप्पणी गरे ।

उनले भने, "आफ्नो प्रहरी संगठनको अभावमा विभिन्न समस्या हुने गरेको गुनासो प्रत्येक प्रदेशबाट आउने गरेको छ ।" जबसम्म प्रदेशमा आफ्नो प्रहरी संगठन हुँदैन तबसम्म प्रदेश सरकार सञ्चालन प्रभावकारी नहुने उनको भनाइ छ ।

# निर्वाध रुपमा प्याज तस्करी



**टुडे समाचारदाता**

सिरहा । नेपाल-भारत सीमावर्ती क्षेत्रबाट प्याज तस्करीमा वृद्धि भएको छ । केही दिनदेखि सिरहास्थित सीमावर्ती क्षेत्रबाट प्याजको तस्करी बढ्न थालेको छ ।

केही दिन अघि मात्रै लु१स ५७२९ नम्बरको पिकअप चोहर्वा हुँदै भारतबाट तस्करी गरी ल्याइएको र भन्सार छलीको अवैध प्याज लोड गरिएको थियो ।

७ नम्बर गण सिरहाबाट दुई वटा मोटरसाइकलमा चार जना सशस्त्र प्रहरी गए र सिरहा-चोहर्वा सडक खण्डअन्तर्गत सिरहा नगरपालिका-१ गुलरियाबाट पिकअपलाई नियन्त्रणमा लिएका थिए । सिरहाका सशस्त्र प्रहरी प्रमुख एवं उपरीक्षक शिव गैरेका अनुसार पिकअपबाट १ लाख ८ हजार ५ सय रुपैयाँ बराबरको ३१ बोरा प्याज बरामद भएको जनाइएको छ ।

सशस्त्र प्रहरीले मंगलबार भन्सार छलीको सो प्याज, पिकअप र चालक श्यामसुन्दर महरालाई भन्सार कार्यालयमा बुझाएको जनाइएको छ । सो प्याज भारतबाट तस्करी गरी सिरहास्थित एक घरमा भण्डारण गरिएको थियो । ७ नम्बर गण सिरहाका प्रहरी नायब निरीक्षक विष्णु गौतमले मोटरसाइकलमा लोड गरी यहाँ ल्याएर भण्डारण गरिने गरिएको पाइएको बताए । भन्सार छलीको प्याज गाडीमा गइरहेको सूचना पाएपछि आफूहरूले स्वस्फूर्त रूपमा नियन्त्रणमा लिएको उनको दाबी छ ।

तस्करहरूले निर्वाध रूपमा प्याजको तस्करी गर्दै आएका छन् । उनीहरूले सीमावर्ती बजार र गाउँका घरहरूमा गोदाममा राख्दै आएका छन् ।

सो गोदाममा भारतबाट भन्सार छली ल्याइएका प्याज भण्डारण गरेर बिक्री वितरण गर्दै आएका छन् । यसका लागि उनीहरूले सुरक्षा निकायदेखि भन्सारका कर्मचारीसम्मको समन्वयमै तस्करी हुने गरेको स्थानीयवासीले आरोप लगाएका छन् ।

प्याज तस्करीबाट नै महिनामा ३० देखि ४० लाख रुपैयाँसम्मको कारोबार हुँदै आएको स्थानीय कर्मचारीहरु बताउँछन् ।

नेपालमा अहिले एक सय रुपैयाँ देखि एक सय २० रुपैयाँसम्म प्रतिकिलो प्याज विक्री वितरण हुँदै आएको छ ।

सीमावर्ती क्षेत्रमा रहेका भन्सार कार्यालय र सुरक्षाकर्मीको समेत मिलेमतोमै प्याज तस्करी हुँदै आए पनि सिरहाका सशस्त्र प्रहरीले भने सो कुराको खण्डन गर्दै आएको छ ।

सिरहा भन्सार कार्यालयका सूचना अधिकारी विमल श्रेष्ठले तस्करी नियन्त्रणका लागि हरसम्भव प्रयास गरिए पनि खुला सीमा र जनशक्ति अभावका कारण चुनौतीपूर्ण रहेको बताए ।

# साहित्यकार दत्तलाई कर्मयोगी लखनराम सेवा सम्मान

**टुडे समाचारदाता**

जनकपुरधाम । साहित्यकार अशोक दत्तलाई लखनराम सेवा सम्मानबाट सम्मानित गरिएको छ ।

काठमाण्डुस्थित एक अस्पतालमा उपचाररत्त रहेका



दत्तलाई सो पुरस्कारबाट सम्मानित गरिएको छ ।

कर्मयोगी लखनराम सेवा सम्मान समितिका संस्थापक अध्यक्ष सीताराम अग्रहरि र सो समितिका सह अध्यक्ष मधुदेवी अग्रहरिले संयुक्त रुपमा साहित्यकार दत्तलाई सो पुरस्कारबाट सम्मानित गरेका छन् ।

संस्थापक अध्यक्ष सीताराम अग्रहरिले आफ्नो बुवाको स्मृतिमा स्थापना गरिएको पुरस्कार समितिबारे व्याख्या गर्दै उनले बुवाले जीवन संघर्षको पर्याय र लेखनलाई आफ्नो जीवन मुख्य अभिप्राय अनुरुप समाजको परिवर्तनमा उल्लेखनीय भूमिका निर्वाह गरेका दत्तलाई सम्मानित गर्न पाउँदा आफुलाई अपार हर्षको अनुभूति भएको बताए ।

साहित्यकार दत्तले स्वास्थ अवस्था प्रतिकूल भएकै कारण आफू काठमाण्डुमा क्यान्सरको उपचारमा रहेको बताए ।

मैथिली साहित्य, गीत, पत्रकारिता, फिल्मका कथा एवम् सम्वाद लेखनका साथै राष्ट्रिय क्रिकेट खेलाडीको रुपमा सम्मानित हुन पाउँदा खुसी भएको सामाजिक सञ्जालमा लेखेका छन् ।

# कोषको निर्माणाधीन भवनको मुख्यमन्त्री सिंहद्वारा निरीक्षण



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले मैथिली विकास कोषको निर्माणाधीन भवनको निरीक्षण गरेका छन् ।

जनकपुरधाममा बिहीबार सो भवनको निरीक्षण गर्दै मुख्यमन्त्री सिंहले भवनबारे जानकारीसमेत लिएका थिए ।

सो निर्माणाधीन भवनको बारेमा कोषका अध्यक्ष जीवनाथ चौधरीले मुख्यमन्त्री सिंहलाई विस्तृत रुपमा जानकारी गराएका थिए ।

मधेश प्रदेश सरकारको सात करोड रुपैयाँ लगानीमा पाँच कट्ठा क्षेत्रफलमा निर्माणाधीन भवनमा सांस्कृतिक संग्राहालय, पुस्तकालय, मिथिला लोकचित्रकला प्रशिक्षण केन्द्र, कला प्रदर्शनी कक्ष, श्रव्यदृश्य कार्यसम्पादन कक्ष, सेमिनार हललगायतको व्यवस्था रहने कोषका अध्यक्ष चौधरीले बताए ।

# चार सय ४५ व्यवसायीलाई इजाजत

**टुडे समाचारदाता**

जनकपुरधाम । गत आर्थिक वर्ष ०८०/८१ मा चार सय ४५ उद्योग तथा व्यवसायीलाई व्यवसाय कारोबार गर्न नयाँ नापतौल सम्बन्धी इजाजतपत्र प्रदान गरेको गुणस्तर तथा नापतौल कार्यालय जनकपुरधामले जनाएको छ ।

गुणस्तर तथा नापतौल कार्यालयले दुई हजार तीन सय ६८ व्यवसायीको नापतौल यन्त्रको जाँचसमेत गरेको जनाएको छ । प्राप्त विवरणअनुसार तोकिएको मापदण्ड विपरीत ढक र तराजु प्रयोग गर्ने एक हजार सात सय १७ व्यापारीलाई कारबाही गरी जरिवानासमेत गरिएको कार्यालय प्रमुख मुकुन्द चौहानले बताए ।

धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली तथा रामेछापगरी कूल पाँच जिल्ला कार्यक्षेत्र रहेको सो कार्यालयले विभिन्न कारवाही, नापतौल यन्त्रको इजाजतपत्र प्रदान तथा नवीकरण बापत गत आर्थिक वर्षमा ४० लाख ६७ हजार दुई सय ४२ राजस्व संकलन गरेको गुणस्तर तथा नापतौल कार्यालयले जनाएको छ ।

# जमेको पानीको निकास नहुँदा मच्छरको प्रकोप

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा ५० विघा धानखेत डुबानमा रहेको छ ।

गत असोज ११ र १२ मा परेको वर्षाले १९ दिनसम्म निकास नपाउँदा धानबाली नष्ट हुने अवस्थामा पुगेको छ । दुई दिनसम्म परेको अविरल वर्षाले वीरगञ्ज महानगरपालिकाको ३ वडाका करिब ५० विघा धान खेत ढुबानमा परेको छ ।

लामो समयदेखि पानी जम्दा सो वडामा दुर्गन्धसमेत फैलिएको छ । जसले गर्दा लामखुट्टेको बिगबिगी पनि बढेको छ । केही दिनसम्म सो जमेको पानीको निकास नभएमा डेंगी र इन्सेफ्लाइटिस रोगको संक्रमण बढ्न सक्ने अनुमान गरिएको छ ।



विगतमा नहरको क्यानल र दुईवटा ह्युमपाइपबाट खेतको पानीलाई निकास दिने गरेकामा अहिले क्यानल पुरेर पक्की सडक निर्माण र ह्युमपाइप जाम भएकाले वीरगन्ज वडा नम्बर २६ सुगौलीविर्ता, वडा २० हरपतगन्ज र वडा २४ बहुअरीको पानीले निकास हुन सकेको छैन ।

तीनवटै वडाको पानीको निकास वडा नम्बर १७ अलौंस्थित आईसीपीचोकबाट हुने गरेको थियो । पहिलेदेखि बर्षाको पानी सो स्थानमा राखिएका दुईवटा ह्युमपाइपबाट निकास हुँदै आएकामा यसपटक ह्युमपाइप जाम भएकाले सुगौलीविर्ता हरपतगन्ज र बहुअरी अहिलेसम्म डुबानमुक्त हुन सकेको छैन ।

असोज १८ मा जेसीबीद्वारा ह्युमपाइपको जाम हटाएर पानीको निकास गराइएको थियो । तर अलौंवासीले अर्को वडाबाट आएको पानीले आफ्नो घर र खेत डुबानमा पर्ने भन्दै ह्युमपाइप पुरिदिए पछि सो समस्या उत्पन्न भएको छ । वीरगञ्ज महानगरका नगर प्रहरीको सहयोगमा वडा सदस्य आमोद यादवलगायतको टोलीले पुनः ह्युमपाइपको जाम खोल्न खोज्दा विवाद भएको थियो । अलौंका स्थानीयवासी सुदर्शन लामिछानेले वडा सदस्य यादवलाई दुर्व्यहार गरेपछि कुटाकुटसमेत भएको थियो ।

तीन वडाका स्थानीयको गुनासो आएपछि गत असोज २१ मा मेयर राजेशमान सिंह महानगरको प्राविधिक र नगर प्रहरी सहितको टोली लिएर निरीक्षणमा जाँदा समेत विवाद भएको थियो ।

उनका अनुसार निरीक्षणका क्रममा अलौं निवासी शिवओम लामिछानेले दुर्व्यवहार गरेका थिए । लामिछानेले मेयरले दुर्व्यहार गरेको आरोप लगाएका छन् । विवाद बढेपछि लामिछानेका छोरा सुदर्शन लामिछानेको टाउकोमा चोट लागेको थियो । मेयरले दुर्व्यवहार गरेको भन्दै कांग्रेस नेता समेत रहेका लामिछानेका समर्थक धर्नामा बसेका थिए ।

बहुअरीका स्थानीय मनिस द्विवेदीका अनुसार १९ दिन बित्दा पनि खेतको पानीले निकास पाएको छैन । कतिपय स्थानीयको घरमा पसेको पानी सुकिसकेको छैन । पानी जमेर गाईबस्तु राख्ने ठाउँसमेत छैन । गाईबस्तुले खाने परालसमेत भिजेको उनले बताए ।

डुबानलाई व्यक्तिगत झगडातर्फ मोडेर निकासको समस्यालाई ओझेलमा पार्ने काम भएको उनको आरोप छ । यसअघि निकास हुने ह्युमपाइप निकालेर रातारात बाटो पिच गरिएको उनले बताए । नहर क्यानल पुरेर घरसमेत निर्माण गरिएको द्विवेदीको आरोप छ । पानीको निकासका लागि बिहीबार बिहान प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, मेयर सिंह र सुरक्षाकर्मी लगायतको टोलीले निरीक्षण गरेको छ । प्रमुख जिल्ला अधिकारी भुसालले पानी तत्काल निकासका लागि निर्देशन दिएको बताए ।

# भन्सारद्वारा १२ अर्ब ७५ करोड रुपैयाँ राजश्व संकलन

**टुडे समाचारदाता**

वीरगञ्ज । चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा १२ अर्ब ७५ करोड रुपैयाँ राजश्व संकलन गरेको सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले जनाएको छ ।

समीक्षा अवधिमा १४ अर्ब ८१ करोड रुपैयाँ राजश्व संकलनको लक्ष्य पाएको सो भन्सारले लक्ष्यको ८६ दशमलव १४ प्रतिशत राजश्व संकलन गरेको जनाइएको छ ।

प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले जनाए अनुसार असोज महिनामा मात्र यो भन्सारले ४ अर्ब ३६ करोड रुपैयाँ राजश्व संकलन गरेको छ । जस अनुसार मासिक लक्ष्यको ९० दशमलव ३१ प्रतिशत रहेको छ । यस महिनामा ४ अर्ब ८३ करोड रुपैयाँ राजश्व असूलीको लक्ष्य रहेको थियो ।

आर्थिक वर्षको पहिलो २ महिना साउन र भदौंको तुलनामा असोज महिनामा उत्साहजनक रुपमा राजश्व संकलन भएको बरुवालले बताए । दशैं, तिहार र छठ पर्व जस्ता मुख्य पर्व नजिकिएसँगै असोज महिनामा मदिराको आयात बढेपछि राजश्व असूलीमा वृद्धि भएको उनले बताए ।

उनले असोज महिनामा आयातकर्ताले बढी मात्रामा मदिरा आयात गरेको बताए । तेश्रो मुलुकबाट मदिरा आयात हुँदा एक कन्टेनर मदिराबाट मात्र न्युनतम २ करोड ५० लाख रुपैयाँ बढी राजश्व संकलन हुने गरेको छ ।

राजश्व संकलनमा यस भन्सारबाट फलामजन्य बस्तु पछि दोश्रो नम्बरमा मदिरानै रहेको छ । आर्थिक मन्दी र आयात निर्यात व्यापार घटेको अवस्थामा पनि त्रैमासिक अवधिमा ८६ प्रतिशत बढी राजश्व संकलन हुनु उत्साहजनक रहेको बरुवालको भनाइ छ ।

तिहार र छठ जस्ता पर्व बाँकी नै रहेकाले यस पर्वमा पनि लक्षित मालबस्तु आयात हुने सम्भावना बाँकी रहेको र कात्तिक महिनाको राजश्व असूली पनि उत्साहजनक नै हुनसक्ने अनुमान उनले गरे ।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

**मधुमेहले,**

- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन,पक्षघातलगायतका जोखिम बढाउछ।

**त्यसैले मधुमेशबाट बच्न,**

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेयपदार्थ, जंकफुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाब व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परिक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८